# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३४५ | काठमाडौं | शनिबार, १ वैशाख २०८१ | Prabhab National Daily | Saturday, April 13, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?**

**हुनुहुन्छ भने:**

- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस्।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस्।
- श्रम कल सेन्टरको निःशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस् ।

नेपाल सरकार
विज्ञापन बोर्ड




**नयाँ वर्षलाई स्वागत** | नयाँ वर्ष २०८१ को अवसरमा वीरगञ्जको पुरानो बसपार्क आदर्शनगरमा शुक्रबार आयोजित रात्रिमेलाका सहभागीहरू । *तस्बिरः हिमाल लम्साल/रासस*






# सांसदलाई वर्षिक ४५ करोड खर्च, कानुन बनाए दुईवटा

■ **दिपा सुनुवार**

**काठमाडौं–** संघीय सांसदलाई तलबबापत वर्षमा सरदर २० करोड रूपैयाँ खर्च गर्नुपर्छ । संसद् सचिवालयका अनुसार सदन भएको दिन प्रत्येक सांसदले भत्तास्वरूप दुई हजार रूपैयाँ छुट्टै पाउँछन् ।

अहिले राष्ट्रिय सभामा ५९ र प्रतिनिधिसभामा २७५ सांसद छन् । दुई सभाको सांसद संख्या हो, ३३४ । दुवै सभामा हाउसफूल भए भत्तामै छ लाख ६८ हजार रूपैयाँ खर्च हुन्छ । अझ संसदीय समितिमा उपस्थित हुँदा बेग्लै भत्ता उपलब्ध हुन्छ ।

संघीय संसद् भवनको भाडाका लागि सरकारले नयाँ बानेश्वरस्थित बिआइसिसी भवनलाई वार्षिक १६ करोड तिर्छ । यता भत्तामा एउटा अधिवेशनमा ६० दिन बैठक चले तीन अधिवेशनमा कम्तीमा १५० दिन बैठक चल्छ । वर्षमा १०० दिनमात्र बैठक चले भत्तामै सात करोड रूपैयाँ खर्च हुन्छ । समिति बैठकको हिसाब जोड्दा भत्तामै १० करोड रूपैयाँ खर्च हुन्छ । यसरी हेर्दा वर्षमा ४६ करोड रूपैयाँ खर्च संसद्मै हुने देखिन्छ ।



तर संसद्ले वर्ष २०८० मा संघीयतालाई कार्यान्वयनमा लैजानका लागि महत्त्वपूर्ण मानिने कानुनहरू बनाउनै सकेन । प्रहरी समायोजन कानुन, कर्मचारी समायोजन कानुन, विद्यालय शिक्षा कानुन, शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउनका लागि पेस गरिएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संसद्मा अलपत्र अवस्थामा छ ।

वर्ष २०८० मा तीनवटा अधिवेशन सकाएको सदनले जम्मा दुईवटा कानुनमात्र बनाएको छ । संसद्को दोस्रो अधिवेशनमा बजेटसँग सम्बन्धित तीन विधेयकबाहेक 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०' र 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०' प्रमाणीकरण भएको हो । यद्यपि यी दुई विधेयक अति नै महत्त्वपूर्ण भएको पूर्वकानुनमन्त्री एवं कांग्रेसका उपसभापति धनराज गुरुङ बताउँछन् ।

(क्रमशः पृष्ठ २ मा)

# माइतीघर–बानेश्वरको निषेधाज्ञ हटाइयो

**काठमाडौं (प्रस)–** काठमाडौंको माइतीघरदेखि बानेश्वरसम्म कायम निषेधित क्षेत्र आजदेखि हटाइने भएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंले शुक्रबार एक सूचना जारी गरी गत फागुन ४ गतेदेखि लागू गरिएको निषेधाज्ञा हटाएको जानकारी दिएको हो ।

'हाललाई सुरक्षा चुनौती विश्लेषणसमेतका आधारमा जिल्ला सुरक्षा समिति काठमाडौंको आजको सिफारिसअनुसार माइतीघर मण्डलादेखि बानेश्वर (कृष्ण टावर) सम्मको क्षेत्रलाई २०८१ वैशाख १ गतेदेखि निषेध आदेश कायम नरहने सबैलाई सूचित गरिन्छ,' जिल्ला प्रशासन कार्यालय काठमाडौंद्वारा शुक्रबार जारी सूचनामा भनिएको छ । यसअघि काठमाडौंका विभिन्न स्थानमा दुई महिनासम्मका लागि भेला, जुलुस, प्रदर्शन, धर्ना, घेराउ, अनसन सभाजस्ता विरोधका कार्यक्रम नगर्न आदेश जारी गरिएको थियो ।

यस्तै, गृह मन्त्रालयले सार्वजनिक सम्पत्ति तोडफोड र सुरक्षाकर्मी लक्षित आक्रमण गर्ने प्रवृत्तिविरुद्ध सरकारले कडा नीति लिने जनाएको छ । मन्त्रालयले शुक्रबार प्रेस विज्ञप्तिमार्फत विभिन्न मुद्दा र मागमा हुने आन्दोलनका क्रममा उच्छृंखल गतिविधि

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# युरोपको मागपत्र प्रमाणीकरण नहुँदा व्यवसायी निराश

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि युरोपका विभिन्न मुलुकबाट आएका मागपत्र प्रमाणीकरण हुन नसक्दा व्यवसायी निराश भएका छन् । सम्बन्धित हेर्ने नेपाली दूतावास वा कूटनीतिक नियोगबाट ल्याइएको मागपत्र प्रमाणीकरण हुन नसक्दा वैदेशिक रोजगार व्यवसायी निराश भएका हुन् ।

दूतावास वा कूटनीतिक नियोगबाट सम्बन्धित मुलुकबाट ल्याइएको मागपत्र प्रमाणीकरण १५ दिनभित्र हुन नसके श्रम, रोजगार तथा सामाजिक मन्त्रालयले नै गर्ने कार्यविधि बनाइए पनि कार्यान्वयनमा नआउँदा समस्या कायमै रहेको छ । मागपत्र प्रमाणीकरणका सम्बन्धमा श्रम मन्त्रालयले 'वैदेशिक रोजगारसम्बन्धी जाँचबुझ र स्वीकृति गर्ने कार्यविधि, २०८०' जारी गरेपछि असन्तुष्ट रहेको परराष्ट्र मन्त्रालयले आवश्यक सहयोग र समन्वय नगर्दा युरोपबाट आएको मागपत्र प्रमाणीकरण हुन सकेको छैन ।

युरोप जाने कामदारको मागपत्र सम्बन्धीत मुलुक हेर्ने दूतावास वा नियोगले प्रमाणीकरण नगरिदिँदा रोजगार व्यवसायी अप्ठ्यारोमा परेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'युरोप हेर्ने दूतावासले मागपत्र प्रमाणीकरण गरिदिएका छैनन्,' उनले भने, 'परराष्ट्र मन्त्रालयको अवरोधले मागपत्र प्रमाणीकरण कार्यविधि पनि कार्यान्वयन भइरहेको छैन, यसबाट व्यवसायीमा निराशा छाएको छ ।' रोमानियाबाट आएको सात हजारभन्दा बढी मागपत्र राजस्व बुझाएर पनि प्रमाणीकरण हुन नसकेको उनको भनाइ छ । साथै, व्यवसायीले आफ्नै पहलमा युरोपेली मुलुकबाट ल्याएको करिब ५० हजार मागपत्र प्रमाणीकरण नभएर 'पेण्डिङ' रहेको भण्डारीले जानकारी दिए ।




> व्यवसायीलाइ जिम्मेवार बनाउने, सुरक्षित रूपमा कामदार पठाउने, लागत विधि पारदर्शी बनाउनेलगायतका विषयमा मन्त्रालय सहयोगी देखिएन, जिम्मेवारीबाट पन्छिरहेको छ ।
>
> **राजेन्द्र भण्डारी**
> **अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

व्यवसायीले कामदार पठाउन नसकेपछि त्यसको फाइदा मानव तस्करीहरूले उठाइरहेको उनको दाबी छ । 'नेपाली श्रमिक युरोप जाने लालचमा ठूलो रकम तिरेर आफू ठगिएको थाहा पाउँदापाउँदै तस्करहरूको प्रलोभनमा फसेर रसियन आर्मीको युद्ध मोर्चामा पुगिरहेका छन्,' अध्यक्ष भण्डारीले भने, 'यो अवस्था थाहा हुँदाहुँदै पनि हाम्रो मन्त्रालय (श्रम मन्त्रालय) मूकदर्शक भएर बसेको छ, यस्ताखाले तस्करी रोकौं र युरोपको रोजगारीलाई व्यवस्थित गर्न व्यवसायीले ल्याएको मागपत्र प्रमाणीकरण गर्दिनुस् भनेर हारगुहार गर्दा मन्त्रालय चुपचाप छ ।'

अहिले युरोपमा म्यानपावर कम्पनीले नभई कन्सल्टेन्सीले पठाउँछ भन्ने बुझाइ आमजनतामा परेको भण्डारीले बताए । जसको फाइदा उठाउँदै तस्करहरूले भिजिट भिसामार्फत युएईलाई ट्रान्जिट बनाउँदै भारतबाट र व्यक्तिगत स्वीकृतिसमेत बनाएर पठाउने गरेको पाइएको उनको भनाइ छ । 'व्यवसायीलाइ जिम्मेवार बनाउने, सुरक्षित रूपमा कामदार पठाउने, लागत विधि पारदर्शी बनाउनेलगायतका विषयमा मन्त्रालय सहयोगी देखिएन, जिम्मेवारीबाट पन्छिरहेको छ,' भण्डारीले भने ।

युरोप, जापान, इजरायललगायतका देशहरूमा व्यवसायीलाई जिम्मेवार बनाएर कामदार पठाउन सरकारले सहजीकरण गरिदिए तस्करी र ठगी पनि नहुने र ठूलो मात्रामा रेमिटचान्स पनि भित्रिने भण्डारीको भनाइ छ । 'तर मागपत्र प्रमाणीकरण नहुँदा व्यवसायी निराश छन्, सरकार चुपचाप छ,' भण्डारीले भने । गत वर्ष पनि युरोपबाट आएको मागपत्र प्रमाणीकरण हुन नसक्दा ४० हजारभन्दा बढी रोजगारीको अवसर गुमेको भन्दै वैदेशिक रोजगार व्यवसायीहरूले सरकारको ध्यानाकर्षणसमेत गराएका थिए । सरकारकै कारण यसपटक पनि सोही समस्या दोहोरिने होकि भन्नेमा व्यवसायी चिन्तित देखिएका छन् ।

## पर्यटन राजधानी पोखरा
# जाग्दै आशा, बढ्दै लगानी



■ **एकराज पाठक/वासुदेव पौडेल**

> पूर्वाधारमा लगानी थप्दै गएका अवस्थामा एकाएक रूपमा देखापरेको कोरोना महामारीले यहाँको पर्यटन व्यवसायलाई नराम्रोसँग थला पारेको थियो । कोरोनाले थला पारेको पर्यटन विस्तारै पुरानै गतिमा फर्कने आशा पलाएको छ । अंग्रेजी नयाँ वर्ष र त्यसयता देखिएको उत्साहले अब भने यहाँको पर्यटन पूर्ववत् अवस्थामा नै फर्कने अपेक्षा गरिएको व्यवसायी बताउँछन् ।

**गण्डकी–** अंग्रेजी नयाँ वर्षमा भएको पर्यटकको उल्लेख्य उपस्थितिले उत्साहित भएका पर्यटनको राजधानी पोखराका पर्यटन व्यवसायी नेपाली नयाँ वर्षको आगमनको पूर्वसन्ध्यामा देखिन थालेको चहलपहलबाट थप खुसी छन् ।

बहत्तरको भूकम्पपछिका विभिन्न आरोह–अवरोह भोग्दै कोरोना कहरसम्मले तहसनहस बनाएको यहाँको पर्यटनमा आगामी दिनका लागि आशाका किरण चम्किन थालेको महसुस भएको छ । पोखरामा पर्यटनलक्षित पूर्वाधार विकासकै क्रममा हालसम्म छ खर्ब रूपैयाँभन्दा बढी लगानी भइसकेको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठको अनुमान छ । उनका अनुसार समग्र गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा सात खर्ब रूपैयाँभन्दा बढीको लगानी छ ।

निर्माणाधीन सडक पर्यटकका लागि चुनौतीपूर्ण भइरहे पनि चाँडै नै यी सडकले पूर्णता पाउने आशामा यहाँका व्यवसायी छन् । काठमाडौंमा आएका विदेशी पर्यटकमध्ये लगभग ५० प्रतिशत पोखरामा आउने गरेका अध्यक्ष श्रेष्ठले जानकारी दिए । पोखराको पर्यटनमा गण्डकी प्रदेशको 'आन्तरिक भ्रमण वर्ष–२०१९' र नेपाल सरकारको 'नेपाल भ्रमण वर्ष–२०२०' लाई लक्षित गरी ठूलै लगानी थपिएको यहाँका व्यवसायी बताउँछन् । तत्कालीन समयमा सरकारले पनि लगानी थप्नका लागि आह्वान गरेअनुसार लगानी थपेका व्यवसायी त्यसलगत्तै आएको कोरोना महामारीका कारण ठूलो संकटमा परेका अध्यक्ष श्रेष्ठले बताए ।

पूर्वाधारमा लगानी थप्दै गएका अवस्थामा एकाएक रूपमा देखापरेको कोरोना महामारीले यहाँको पर्यटन व्यवसायलाई नराम्रोसँग थला पारेको थियो । कोरोनाले थला पारेको पर्यटन विस्तारै पुरानै गतिमा फर्कने आशा पलाएको बताउँदै उनले अंग्रेजी नयाँ वर्ष र त्यसयता देखिएको उत्साहले अब भने यहाँको पर्यटन पूर्ववत् अवस्थामा नै फर्कने अपेक्षा गरिएको बताए ।

पोखराको पर्यटनलाई चलायमान बनाउन यहाँका पर्यटनसम्बद्ध संघसंस्थाले प्रवर्द्धनका गतिविधि निरन्तर गरिरहेका श्रेष्ठले बताए ।

पछिल्ला समयमा भारतीय पर्यटकको आगमन उत्साहजनक रूपमा बढिरहेको बताउँदै उनले पोखरा–मुग्लिन सडकको निर्माणाधीन अवस्थाका कारण आवतजावतमा कठिनाइका बीच पनि भारतीयहरू ठूलै संख्यामा पोखरा आइरहेका उनले जानकारी दिए । 'पोखरामा भारतीय पर्यटकको आगमन उत्साहजनक छ, चिनियाँ पर्यटकको आगमन भने अझै अपेक्षित रूपमा बढ्न सकेको छैन,' उनले भने ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मुक्तिनाथको भ्रमण गरेसँगै ठूलो संख्यामा भारतीय पर्यटक आउने क्रम बढेकामा कोरोनासँगै भारतीय पर्यटकको आगमन पनि प्रभावित बनेको थियो । पछिल्ला समयमा भारतीय पर्यटकको आगमन पनि उत्साहजनक रूपमा नै बढ्दै गएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## पृष्ठ १ बाट क्रमशः

### सांसदलाई वर्षिक ...

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक मिटरब्याजपीडितको समस्या समाधानका लागि ल्याएको हो भने सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक आर्थिक पारदर्शिताका लागि । राष्ट्रिय सभामा उत्पत्ति भएको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक असार ३१ गते प्रतिनिधिसभाबाट पारित भएको थियो । त्यसैगरी सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक वर्षको मसान्तमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेका छन् । प्रतिनिधिसभाबाट २०८० माघ २४ गते पारित उक्त विधेयकलाई राष्ट्रपति पौडेलले शुक्रबार प्रमाणीकरण गरेका हुन् ।

सम्पत्ति शुद्धीकरणको क्षेत्रमा निगरीन राख्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)ले नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन बनाउन सन् २०१४ देखि ताकेता गर्दै आएको थियो । संसद्मा यसपटक नौ वटा विधेयक दर्ता भएको थियो ।

### अन्तिम बिन्दुमा पुगेर रोकियो टिआरसी

संक्रमणकालीन न्याय (टिआरसी) विधेयक पारित नगरी सरकारले यो वर्ष संसद्को तीनवटा अधिवेशन सकाएको छ । 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयक' कानुन न्याय तथा मानवअधिकार समितिमा विचाराधीन छ । संसदीय उपसमितिले अधिकांश विषयमा सहमति जुटाएर विधेयकको प्रतिवेदन तयार पारेको भएपनि शीर्ष सहमति जुट्न बाँकी छ । प्रधानमन्त्री पुष्पकमल दाहालले अथक प्रयास गरी पारित गर्न खोजेको यो विधेयक फागुन १९ गते नेपाली कांग्रेसले रोकेको थियो । सत्ता गठबन्धन परिवर्तनको छनक देखिएपछि कांग्रेसले पारित हुनै लागेको विधेयक समितिमै अड्काएको हो ।

### शिक्षा विधेयकमा संशोधनको लर्को

'विद्यालय शिक्षा विधेयक, २०८०' ले यो वर्ष संसद्बाहिर पनि निकै चर्चा पायो । विधेयक संसदीय समितिमा छलफलमै रहेकाले यसको चर्चा र चासो नयाँ वर्षमा पनि कायमै रहने देखिएको छ । आमचासोको विषय बनेको सो विधेयक हाल प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विचारधीन छ । उक्त विधेयकमा १६३ धारा रहेकामा १५२ सांसदले एक हजार ७८५ संशोधन प्रस्ताव दर्ता गरेका छन् । १६३ दफा रहेको उक्त विधेयकमाथि समितिका संशोधनकर्ता सांसदसँग छलफल हुन थालेको छ ।

विद्यालय शिक्षासम्बन्धी कानुनलाई एकीकरण र संशोधनका लागि तत्कालीन शिक्षामन्त्री अशोककुमार राईको कार्यकालमा गत भदौ २७ गते प्रतिनिधिसभामा सो विधेयक दर्ता भएको थियो । रोचक कुरा त सांसद हुँदा विधेयकलाई पुनःलेखन गर्नुपर्छ भन्ने पक्षमा रहेका सुमना श्रेष्ठ नै हाल शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको जिम्मेवारीमा आइपुगेकी छन् ।

सत्तागठबन्धन परिवर्तनसँगै यसअघिका सभापति भानुभक्त जोशी गत फागुन २३ गते सामान्य प्रशासन तथा संघीय मामिलामन्त्री भएपछि उक्त समितिको सभापतिमा यही चैत ७ गते अम्बरबहादुर थापा चुनिएकाले विधेयकमाथि यसअघि भएका छलफलमा निरन्तरता देखिएको छ ।

संसद् सचिवालयका सहायक प्रवक्ता दशरथ धमलाले विद्यालय शिक्षा विधेयकलाई संसद्भित्र र बाहिर उत्तिकै चासो र महत्त्व दिइएकाले यसमा सम्भवतः अन्य विधेयकका तुलनामा धेरै सांसदबाट अधिकांश दफामा संशोधन परेको बताए । धेरै संशोधन भएकाले समितिबाट विधेयक छिट्टै अगाडि बढ्ने सम्भावना भने देखिँदैन ।

शिक्षक महासंघलगायत सरोकार भएका पक्षले विद्यालय शिक्षा विधेयक छिटो पारित गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र समितिलाई आग्रह गर्दै आएका छन् । राहत शिक्षक संघर्ष समितिको मागका आधारमा आन्तरिक प्रतिस्पर्धामा ७५ प्रशितसम्म कोटा दिने सहमति कार्यान्वयन गर्न चुनौतीपूर्ण देखिन्छ भने प्रारम्भिक बालविकासका शिक्षकलाई दरबन्दीमा राख्न स्रोतसाधनको अपर्याप्तता देखिन्छ ।

संविधानबमोजिम विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षाका मूलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालनसम्बन्धी विषयलाई व्यवस्थित यो विधेयक ल्याइएको हो ।

विद्यालय शिक्षा विधेयकका साथै उच्च शिक्षा विधेयकको मस्यौदालाई राय सुझावका लागि शिक्षा मन्त्रालयले सार्वजनिक गर्दा पनि त्यसप्रति चासो नखेखिएको होइन तर उक्त मस्यौदा हाल फिर्ता भइसकेकाले यो विधेयक गर्भमै रहेको मान्नुपर्ने भयो ।

●●●

### माइतीघर-बानेश्वरको ...

गरी सार्वजनिक सम्पत्ति तोडफोड र सुरक्षाकर्मी लक्षित आक्रमण गर्ने प्रवृत्तिविरुद्ध सरकारले कडा नीति लिने जानकारी दिएको हो । नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई सम्मान गर्दै नेपालको संविधान र प्रचलित कानूनको प्रतिकूल नहुने गरी प्रदर्शन गर्न पाउने हक सुनिश्चित गर्ने र तोकिएका निषेधित क्षेत्र कम गर्ने कार्य भइरहेकोसमेत जनाएको छ । मुलुकी देवानी संहिता, २०७४ र स्थानीय प्रशासन ऐन, २०२८ अनुसार जरिवानासहितको कारबाही हुने मन्त्रालयले जनाएको छ ।

●●●

### पर्यटन राजधानी पोखरा ...

बाटोका विद्यमान असहजताका बीच पनि भारतीय पर्यटक आफ्नै सवारीसाधन लिएर पनि पोखरा आउने गरेका छन् ।

नेपाल सरकारले २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गर्दै पर्यटन क्षेत्रमा लगानी गर्न गरेको आग्रहसमेतका कारण पोखराका होटलमा पूर्वाधार थप गर्न तत्कालीन समयमा यहाँका व्यवसायीले ठूलै लगानी बढाएका होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताए ।

सन् २०१९ मा गण्डकी प्रदेश सरकारको आन्तरिक भ्रमण वर्ष घोषणा र सन् २०२० मा संघीय सरकारको नेपाल भ्रमण वर्ष घोषणाले व्यवसायीलाई लगानीका लागि हौस्याए पनि लगत्तै आएको कोरोना महामारीले त्यसपछिका दुई वर्ष पर्यटन शून्यतामा झर्दा व्यवसायी गम्भीर समस्यामा परेका उनको भनाइ छ । भ्रमण वर्षको घोषणायता हालसम्म पोखरामा थप एक खर्ब रूपैयाँभन्दा बढी पर्यटन क्षेत्रमा लगानी भइसकेको उनले जानकारी दिए ।

'आन्तरिक भ्रमण वर्षदेखि नेपाल भ्रमण वर्ष र पोखरामा बन्दै गरेको अन्तर्राष्ट्रिय विमानस्थलका कारण पनि पर्यटक बढ्ने आशामा व्यवसायीले लगानी बढाएका थिए,' अध्यक्ष सुवेदीले भने, 'विडम्बना लगानी थप्दै गर्दा एकाएक आएको कोरोनाका कारण यहाँको पर्यटन दुई वर्षभन्दा बढी शून्यप्रायः नै बन्न पुग्यो ।' सन् २०१९ मा १२ लाख ६० हजारको संख्यामा विदेशी पर्यटक आउनुले पनि तत्कालीन समयमा व्यवसायीले ठूलै आशाका साथ लगानी बढाएका उनको भनाइ छ ।

सन् २०२० र २०२१ मा ठप्प भएको विदेशी पर्यटक आगमन सन् २०२२ मा भने करिब चार लाख ५० हजार आएको तथ्यांक छ । सन् २०२३ मा १० लाख पर्यटक भित्रिएकामा अंग्रेजी नयाँ वर्ष र त्यसयता देखिएको आगमनले आगामी दिनमा पर्यटकको आगमन बढ्ने विश्वास लिइएको सुवेदीले बताए ।

भारतीय पर्यटक अधिकांशतः धार्मिक रूपमा पोखरा आउने गर्दछन् । पोखरा हुँदै मुक्तिनाथको दर्शन गरेर फर्कने भएकाले पनि मुक्तिनाथ आउँदा जाँदा उनीहरूले पोखरामा केही दिन बिताउने गर्दछन् । पोखरालाई आधार बनाएर अन्नपूर्ण चक्रीय पदमार्ग, अन्नपूर्ण आधार शिविर पदमार्ग, मर्दी हिमाल पदमार्ग, पुनहिल, घोरेपानी, मिलेनियम ट्रेकलगायत स्थानमा पर्यटक जाने भएकाले यी सबै पर्यटकीय गतिविधिले पोखराको पर्यटनमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ ।

अंग्रेजी नयाँ वर्षमा पोखरामा देखिएको स्वदेशी एवं विदेशी पर्यटकको आगमनले आगामी दिनमा यहाँको पर्यटन व्यवसाय पुरानै गतिमा फर्कने विश्वास लिइएको छ । यहाँको पर्यटकीय सम्भावनालाई थप उजागर गर्न पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिनुले विशेष योगदान गर्ने अपेक्षा गरिएको छ । पर्यटकीय राजधानी घोषणासँगै अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजनाका साथ अघि बढ्ने सरकारको योजना छ । पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलको व्यावसायिक उडानसँगै त्यससँग जोडिएका पूर्वाधार निर्माणलगायतका विषयलाई अघि बढाउने तयारी छ ।

लेकसाइड र डयामसाइड क्षेत्रमामात्रै ७०० को संख्यामा पर्यटकस्तरीय होटल रहेका होटल संघ पोखराका अध्यक्ष सुवेदीले जानकारी दिए । उनका अनुसार पोखरा र आसपासमा गरी कूल एक हजार २०० होटलका साथ ४० हजार बेड संख्या रहेका छन् । यहाँ एक रातमा ४० हजार पर्यटकलाई राख्न सकिने बताउँदै उनले पर्यटकमैत्री वातावरण, आतिथ्यता यहाँको विशिष्टता भएको बताए ।

प्रकृतिको वरदान नै रहेको पोखरामा पर्यटकको बसाइलाई लम्ब्याउने करिब तीन दर्जनभन्दा बढी पर्यटकीय गन्तव्य छन् । यहाँ आउने पर्यटकको पहिलो रोजाइ फेवाताल हो । माछापुच्छ्रे हिमालको छायाँ देखिने यो तालको बीचमा रहेको तालबाराही मन्दिरका कारण यसको महिमा र गरिमा अझै चुलिएको छ ।

त्यस्तै पोखरामा आउने पर्यटकले यहाँको सिद्धार्थ राजमार्ग हुँदै आउने छोरेपाटनमा रहेको पातले छाँगो (डेभिड फल) हेर्न नछुटाउने अर्को गन्तव्य हो । पातले छाँगाको नजिकै दक्षिणतर्फ गुप्तेश्वर महादेव गुफा छ । गुफाको प्रवेशद्वारबाट करिब ४०० फिट सुरुङभित्र प्राकृतिक आश्चर्यको रूपमा शिव, पार्वती, नाग, गणेश, मुसासहितको शीलामूर्ति प्रतिस्थापन गरिएको छ । यस मूर्ति ३०० फिट तल सुरुङमार्ग हुँदै पातले छाँगोको पिँध भागमा पुगेर मनमोहक दृश्यावलोकन गर्न सकिनु यहाँको विशिष्टता हो ।

पोखराको अर्को दर्शनीयस्थल महेन्द्रगुफा हो । पोखरा बजारको उत्तरी भूभागमा अवस्थित यस गुफाभित्र प्राकृतिकरूपमा निर्मित हात्तीको सुँड, गाईका स्तन, शिवलिंग, नाग आदिका आकृतिलाई नियाल्न सकिन्छ । गुफाको लम्बाइ १२५ मिटर रहेको छ । महेन्द्र गुफाको पश्चिमतर्फ चमेरे गुफा छ । चुनढुंगाबाट बनेको यस गुफामा ठूलो संख्यामा चमेराका साथै विभिन्न आकारका मूर्ति, शिवलिंग, देवी-देवताका आकृतिहरू देख्न सकिन्छ ।

धार्मिक पर्यटकीय रूपमा यहाँको प्रसिद्ध शक्तिपीठ विन्ध्यवासिनी मन्दिरको विशिष्ट महत्त्व छ । मन्दिरबाट देखिने हिमाली दृश्यसहित पोखराको मनमोहक दृश्यले जोकोहीलाई लोभ्याउने गर्दछ । पछिल्लो समयमा चासो र चर्चा कमाएको पुम्दीकोट यहाँको अर्को आकर्षण हो । जनस्तरबाट निर्मित विशाल महादेवको मूर्तिसहित निर्माण भएका सुमेरु पर्वत आदिले यहाँको पर्यटकीय आकर्षण चुलिएको छ ।

पुम्दीकोटसँगै नजिकै रहेको विश्वशान्ति स्तुपा अर्को महत्त्वपूर्ण गन्तव्य हो । बौद्ध अनुयायीहरूका लागि विशेष महत्त्वको स्थल यहाँबाट देखिने हिमालसहितको पोखराको दृश्यले पर्यटक लोभिने गरेका छन् । पोखरा बजारबाट उत्तर-पश्चिममा रहेको सराङकोट हिमाल र पोखराको अवलोकन गर्न सकिने अर्को गन्तव्य हो । सूर्योदय तथा सूर्यास्तको दृश्यावलोकनका लागि पनि यसको विशिष्ट महत्त्व रहेको छ ।

पोखरा र आसपासमा रहेका धर्मशिला बुद्ध विहार, हरिहर गुफा, नारायणस्थान मन्दिर, सदाशिव मन्दिर, ढुंगेसाँघु, लक्ष्मीनारायण मन्दिर, भद्रकाली मन्दिर, शोभा भगवती आदि धार्मिक पर्यटकीय गन्तव्य हुन् । धार्मिक एवं ऐतिहासिक महत्त्वका स्थलका रूपमा पोखरा आसपासमा रहेका भरतपोखरीको कोटभैरव, ठूलाकोट, बेगनासकोट, रूपाकोट, फेक्सिङकोट आदि पनि महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य हुन् ।

पोखराको बीच भागबाट गहिरिएर बगेको सेती नदीदेखि लेखनाथ क्षेत्रमा रहेका वेगनास, रूपा, खास्टे, दिपाङ, गुँदे, न्युरेनी, मैदी तालहरूले यहाँको सौन्दर्यतालाई थप उजागर गरेका छन् । पर्वतीय पर्यटनसँगै हिमाल र हिमाली जीवनको अध्ययन अवलोकन गर्न पाइने अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय यहाँको अर्को पर्यटकीय गन्तव्य हो । विश्वका उच्च हिमाल, ती हिमालमा आरोहण गर्ने आरोहीको ऐतिहासिक तथ्य, हिमाली जीवन आदिलाई जीवन्त रूपमा देखाउने उद्देश्यका साथ संग्रहालयमा विभिन्न चार कक्षहरू राखिएका छन् ।

त्यस्तै पोखराको केआई सिंह पुल नजिकै रहेको गोर्खा स्मृति संग्रहालय अर्को दर्शनीयस्थल हो । गोर्खा सैनिकमा भर्ती भई उनीहरूले विश्वमा देखाएको बहादुरीका कथा, गोर्खाली सेनाको इतिहासलगायतका विषयलाई संग्रहालयमा जान्न बुझ्न सक्ने व्यवस्था मिलाइएको छ ।

पोखरास्थित पृथ्वीनारायण क्याम्पसको हाताभित्र रहेको अन्नपूर्ण संग्रहालय पुतलीको अध्ययन-अनुसन्धानका लागि पुग्नैपर्ने गन्तव्य हो भने नयाँ बजारस्थित प्रदेश संग्रहालयमा गण्डकी क्षेत्रको जनजीवन, सामाजिक तथा सांस्कृतिक रहनसहन र वेशभूषा आदिलाई जीवन्त चित्रण गर्ने प्रयास गरिएको छ ।

पोखराबाट देखिने माछापुच्छ्रे हिमाल यहाँको अर्को आकर्षण हो । यो हिमालमा हालसम्म आरोहण नभएका कारण कुमारी हिमाल (भर्जिन माउण्टेन)का रूपमासमेत यसलाई लिइन्छ । माछापुच्छ्रे हिमालको छायाँ फेवातालमा देखिने भएकै कारण 'माछापुच्छ्रे फेवातालमा पौडी खेल्नेरैछ' जस्ता गीतसमेत रचना गरिएका छन् । पोखराबाट देखिने अन्नपूर्ण, धवलागिरिलगायतका अन्य हिमशृंखलाले यहाँको सौन्दर्यतालाई बढाएको छ ।

पोखरा क्षेत्रमा नै इन्द्र गुफा, खारापानी तातोपानी, कृप्ती (मट्टीखान) हुँदै भरतपोखरी निर्मलपोखरीका मध्यपहाडी क्षेत्रका उच्च भूभाग हिमाली दृश्यावलोकनसहित पोखरा उपत्यकाको अवलोकनका लागि प्रसिद्ध छन् । पोखरालाई नै आधार बनाएर गरिने विभिन्न पदयात्राका साथै यहाँबाट घान्द्रुक, धम्पुस, लान्द्रुक, सिकलेस, पञ्चासे आदि गन्तव्य पर्यटकको रोजाइमा पर्दछन् । साहसिक पर्यटनका बञ्जीजम्पदेखि प्याराग्लाइडिङ, जीपलाइन, स्वीङ, माउन्टेन बाइकिङ, अल्ट्रलाइट आदि गतिविधिले पनि पोखरा पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

### पर्यटन राजधानी आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा जोड

पर्यटन राजधानी घोषणासँगै यसलाई पोखरामामात्रै सीमित नगरी यसको दायरा फराकिलो बनाउनुपर्ने पर्यटन क्षेत्र सम्बद्ध विज्ञहरू बताउँछन् । पर्यटन राजधानी पोखरा आसपासका पर्यटकीय गन्तव्यलाई समेट्न पर्यटन सम्बद्ध संघसंस्थाले विभिन्न कार्यक्रम अघि सारेका छन् । यसैको प्रयासस्वरूप नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेशले उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशको प्रवर्द्धनमा हालै गन्तव्य पहिचान एवं प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले बताए ।

'पर्यटन राजधानी पोखरालाई सीमित दायरामा मात्रै नराखी आसपासका पर्यटकीय गन्तव्यलाई समेत समेट्नु जरुरी छ,' उनले भने, 'त्यसैको प्रयासस्वरूप हामीले पोखराबाट गन्तव्य पहिचान एवं प्रवर्द्धन कार्यक्रम सुरु गरी बागलुङ हुँदै कालीगण्डकी करिडोर भएर नवलपुरसम्मको यात्रा सम्पन्न गरेका हौं ।'

यात्राका क्रममा बागलुङको प्रसिद्ध धार्मिक पर्यटकीयस्थल जैमिनी धामको अवलोकनसँगै जैमिनी नगरपालिकाको स्थानीय समन्वयमा त्यहाँका जनप्रतिनिधि एवं सरोकारवालासँग छलफल एवं अन्तर्क्रिया गरिएको कार्यक्रम संयोजक एवं नाट्टा गण्डकी प्रदेशकी द्वितीय उपाध्यक्ष कमला गिरीले जानकारी दिइन् ।

उनका अनुसार पर्यटन व्यवसायी एवं सञ्चारकर्मीसम्बद्ध टोलीले नवलपुरको गजेन्द्र मोक्षधाम, वाल्मिकी आश्रम, पिप्रहर सामुदायिक होमस्टेलगायतका स्थानमा पुगी त्यहाँका स्थानीयवासी, पर्यटन व्यवसायी एवं सरोकारवालासँग छलफल एवं अन्तर्क्रिया गरेको छ । टोलीले फर्कने क्रममा पर्यटन राजधानीबाट नवलपुर जोड्ने दलदले-डेढगाउँ-भिमाद-पोखरा सडकको समेत स्थलगत अवलोकन गरेको छ ।

पोखरा आसपासकै पर्यटकीय गन्तव्यको प्रवर्द्धनको प्रयासस्वरूप गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशले हालै पोखरा महानगरपालिका-३१ मा पर्ने धार्मिक एवं ऐतिहासिकस्थल ठूलाकोट र मादी गाउँपालिका वडा नं ५ स्थित ठूलास्वाँरामा गाउँ पर्यटन प्रवर्द्धनका कार्यक्रम सम्पन्न गरेको भिटोफ गण्डकीकी अध्यक्ष शोभा सापकोटाले जानकारी दिइन् ।

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)ले हालै नेपालकै पहिलो पर्यटकीय गाउँ सिरुबारीमा गाउँ पर्यटन प्रवर्द्धनमा स्थानीय समुदायको सहभागिता विषयक अन्तर्क्रिया सम्पन्न गरेको ओटेफकी अध्यक्ष उमा रेग्मीले जानकारी दिइन् । पोखरामा क्रियाशील अन्य पर्यटनसम्बद्ध संघसंस्थाले पनि पर्यटन राजधानी घोषणा भएपछि आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धनलाई प्राथमिकतामा राखेका छन् । *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०५/२७ मा दर्ता भएको प्रा.लि. नं. २७१४०७ को **सुर्य एण्ड सन्स एग्रो फार्म प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



**हार्दिक श्रद्धाञ्जली**



जन्मः २०२८/०३/०७

**स्व. मिथी देवी थापा**

स्वर्गारोहणः २०८०/१२/१९

आठराई गाउँपालिका तेह्रथुममा लेखा अधिकृत पदमा कार्यरत श्री सुजन थाकाकी ममतामयी माता मिथी देवी थापाको ५२ वर्षको उमेर असमायिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै शोक सन्तप्त परिवारप्रति गहिरो समबेदना प्रकट गर्दछौं

राकेश प्रजापती, प्रबन्ध निर्देशक तथा अनिशा अधिकारी, सीईओ

**सपोर्ट मिडिया प्रा.लि.**
परिवार
टोखा-३, काठमाडौं


## आजको राशिफल




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


वैशाख १ गते २०८१, शनिबार

| | |
|---|---|
| मेष | मानसिक चिन्ता बढेपनि श्रमको उचित मल्यांकन हुनेछ । |
| वृष | घरको सामान्य मनोरञ्जनमा सहभागिता भइनेछ । |
| मिथुन | प्रेम सम्बन्ध कसिलो हुँदै जानेछ |
| कर्कट | प्रेमी र प्रेमिकाको सहयोग मिल्नेछ । |
| सिंह | नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । |
| कन्या | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| तुला | राज्य र समाजबाट सहयोग मिल्नेछ । |
| वृश्चिक | चिताएको र गरेको कार्यमा सफलता पाइनेछ । |
| धनु | कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| मकर | परिवारसँग समय बिताउने अवसर जुट्नेछ । |
| कुम्भ | वैदेशिक कारोबारमा अधिक सफलता मिल्नेछ । |
| मीन | सामान हराउने वा चोरी हुने भय छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख १ गते, २०८१, १३ अप्रिल, २०२४


| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिँगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

## सुनकोसी मरिण डाइभर्सन

# वैशाख २६ मा ब्रेक थ्रुको तयारी

■ रमेश लम्साल




**काठमाडौं–** सुनकोसी मरिण डाइभर्सन आयोजनाको सुरुङको निर्माणको काम अब ५१० मिटरमात्रै बाँकी रहेको छ । आयोजनाले आगामी वैशाख २६ गते 'ब्रेक थ्रु' गर्ने तयारी गरेको छ ।

तराई-मधेसमा १२ महिना नै सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ सुरु गरिएको निर्माण प्रक्रियामा उल्लेख्य सफलता हासिल गरेको छ । कुनै भौगोलिक जटिलता उत्पन्न नभएको खण्डमा आगामी वैशाख २६ गते विशेष समारोहको आयोजना गरी सुरुङ 'ब्रेक थ्रु' गर्ने तयारी गरिएको आयोजनाले जनाएको छ ।

सुनकोसी मरिण डाइभर्सन आयोजनाका प्रमुख मित्र बरालका अनुसार कूल १३.३ किलोमिटर लामो सुरुङमध्ये हालसम्म १२.७९० किलोमिटर सुरुङ निर्माण सम्पन्न भएको छ । 'सुरुङ निर्माणका क्रममा सामान्य भौगोलिक जटिलता पुनः उत्पन्न भयो, हामीले त्यसलाई समाधान गरेर अगाडि बढ्यौं,' आयोजना प्रमुख बराललले भने, 'ग्राउटिङलगायतका विधि प्रयोग गरेर समस्याको समाधान भएको छ । सुरुङ निर्माण निरन्तररूपमा अगाडि बढिरहेको छ ।'

सुरुङ निर्माणमा अटोमेटिक टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गरिएको छ । भेरी बबई डाइभर्सन आयोजनापछि सुनकोसी मरिणमा पनि टिबिएम मेसिन प्रयोग गरिएको हो । उपकरणको प्रयोग गरी सुरुङ निर्माण गर्दा त्यसले सकारात्मक प्रभाव पारेको छ । अन्य आयोजना पनि त्यस्तै उपकरणको प्रयोग गर्न सकारात्मक वातावरण बनेको बताइएको छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आयोजना प्रमुखलगायतका अधिकारीलाई आयोजनास्थल नछाड्न, स्थानीयस्तरमा नै समस्या समाधान गर्न तथा आयोजनाको काममा कुनै पनि गत्यावरोध आउन नदिन स्पष्ट शब्दमा निर्देशन दिएका छन् । सोही कारण पनि आयोजनाले अपेक्षित सफलता हासिल गरेको छ । निर्माण व्यवसायी परिचालनमा विशेष ध्यान दिन तथा आवश्यक सहजीकरण गरी हरेक १५ दिनमा जलस्रोत तथा सिँचाइ विभाग र हरेक एक महिनामा आयोजनाको समग्र प्रगति विवरण प्रस्तुत गर्न मन्त्रालयले निर्देशन दिएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालले नियमितरूपमा आयोजनाका सन्दर्भमा चासो राख्दै आएकाले पनि आफूहरूलाई काम गर्न सहज भएको आयोजनाले जनाएको छ ।

आयोजना प्रमुख बरालका अनुसार २०७९ साल असोज २८ गतेदेखि निर्माण सुरु गरिएको सो आयोजनामा कूल १३.३ किलोमिटर लामो सुरुङ निर्माण हुने छ । नेपालका विद्युत् तथा अन्य सिँचाइका आयोजनामा सुरुङ निर्माण भए पनि सो आयोजनामा टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गरेर खनिएको भने दोस्रोपटक हो । यसअघि भेरी-बबई डाइभर्सन आयोजनामा पनि टिबिएमको प्रयोग गरिएको थियो । पहाडी भूभाग बढी भएको नेपालमा सुरुङ खन्न अब टिबिएम प्रभावकारी उपकरणका रूपमा स्थापित भएको छ ।

सुनकोसी नदीको पानी मरिण खोलामा झारेर विद्युत् उत्पादन गर्ने र तराईका एक लाख २२ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ सुरु गरिएको सो आयोजनाको सुरुङ निर्माणमा अपेक्षितभन्दा बढी प्रगति भए पनि अन्य काममा भने सोहीअनुसार भएको छैन । बाँध तथा विद्युत्गृह निर्माणमा संलग्न निर्माण व्यवसायीले तोकिएअनुसार काम गर्न सकेको छैन ।

निर्माण व्यवसायीले काम गरिरहेको भए पनि बाँध निर्माणमा अपेक्षित प्रगति भएको छैन । विद्युत्गृह र प्रसारणलाइन निर्माणका लागि आवश्यक तयारी भइरहेको छ । प्रसारणलाइनका लागि वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न भइसकेको छ ।

सुनकोसी मरिण डाइभर्सन आयोजनाबाट हाल सञ्चालनमा रहेको बिपी राजमार्गको केही भाग प्रभावित हुने छ । हाल सञ्चालनमा रहेको राजमार्गलाई ९०० मिटर डाइभर्सन गर्नुपर्ने हुन्छ । बाँध तथा विद्युत्गृह निर्माणका लागि भारतीय कम्पनी पटेल इञ्जिनियरिङ र नेपाली कम्पनी रमण कन्स्ट्रक्सनको संयुक्त उपक्रमले ठेक्का पाएको छ । आगामी वैशाखसम्म बाँध निर्माणलाई एउटा स्तरमा पुऱ्याउने लक्ष्य राखिएको छ । वैशाखपछि नदीमा जलसतह बढ्ने भएकाले काम गर्न समस्या हुने छ ।

यस्तै, विद्युत्गृह निर्माण हुने स्थानमा मुआब्जा वितरण सम्पन्न भइसकेको छ । सो आयोजनाबाट तराई-मधेसका कूल एक लाख २२ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ । राष्ट्रिय गौरवका आयोजना भएकाले स्रोतको कुनै अभाव नहुने प्रधानमन्त्री र ऊर्जामन्त्रीको प्रतिबद्धता भएकाले आफूहरूलाई काम गर्न सहज भएको आयोजना प्रमुख बरालको टिप्पणी छ ।

यसअघि सुरुङ निर्माणमा भौगर्भिकरूपमा रहेको जटिलताका कारण तीनपटक समस्या देखिएको थियो । सुनकोसी गाउँपालिका-७ कानढुंग्रीस्थित सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोसी नदीलाई मरिण खोलामा पथान्तरण गरिने छ । सुनकोसीको करिब ६७ क्युसेक पानीलाई सुरुङमार्फत सिन्धुलीको कमलामाई नगरपालिका-२ कुसुमटारस्थित मरिण खोलामा खसालिने छ । त्यसपछि बागमती सिँचाइ आयोजनाको पूर्वाधार प्रयोग गरेर धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको करिब एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ गर्ने लक्ष्य राखिएको छ । त्यस्तै सो आयोजनाबाट ३१ मेगावाट बिजुली उत्पादन हुने छ ।

आयोजनाको सुरुङ निर्माण चिनियाँ कम्पनी चाइना ओभरसिज इञ्जिनियरिङले गरिरहेको छ । बाँध र विद्युत्गृह निर्माणमा केही ढिलाइ भए पनि तोकिएको समयभित्रै पूरा गर्ने निर्माण व्यवसायीको भनाइ छ । वि.सं. २०८४ को असोजमा सो आयोजना पूर्णरूपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । भेरी बबई डाइभर्सन आयोजनामा सुरुङ निर्माण सम्पन्न भएको लामो समय भए पनि बाँध र विद्युत्गृह निर्माणले गति नलिँदा देखिएको व्यवधान सुनकोसी मरिणमा आउन नदिन सरकार उत्तिकै चनाखो देखिएको छ ।

सो आयोजना सम्पन्न भएपछि अन्न भण्डारका रूपमा रहेको मध्यतराईका पाँच जिल्लामा वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध हुने छ । त्यसले खाद्यउपज उत्पादनमा गुणात्मक परिवर्तन आउने छ । सो आयोजनामा प्रयोग भएको टिबीएम उपकरण प्रयोग गरी फुर्कोट-फूलबारी सुरुङ निर्माण गर्ने प्रारम्भिक तयारी गरिएको छ । टिबिएमलाई केही परिवर्तन गरी सडक पूर्वाधारमा प्रयोग हुने सुरुङ निर्माण गर्न सकिने बताइन्छ । *रासस*

# टोखामा विस्का जात्रा सुरु

**काठमाडौं–** ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्व बोकेको टोखामा विस्का नखः (जात्रा) शुक्रबारदेखि सुरु भएको छ । नेवार समुदायको बाहुल्य रहेको टोखामा हरेक वर्षझैं यस वर्ष पनि शुक्रबारदेखि वैशाख ४ गतेसम्म पाँच दिन विस्का नखः मनाउन लागिएको हो । टोखा नगरपालिका वडा नं २ र ३ को मुख्य आयोजना तथा नेवाः गुथि टोखाको व्यवस्थापनमा जात्रा मनाउन लागिएको हो ।

नेवाः गुथि टोखाका अध्यक्ष रमेश नापितले पाँच दिनसम्म मनाइने विस्का जात्राको लिंगो उठाइएको र साँझ सपनविनायकको रथ, चण्डेश्वरीको रथ र मसानकालीको रथ 'जाली द्यो' को रूपमा बाजागाजासहित जात्रा गरी इन्द्रायणी दाफा खलःले मूल नाइके बहाल गरी रथ आ-आफ्नो मन्दिरमा लगिएको जानकारी दिए ।

विस्का जात्राका भक्तजन शुक्रबार बिहान शिवपुरीस्थित बागद्वार स्नान गर्न गएका थिए । बागद्वारबाट शुक्रबार राति चण्डेश्वरी हुँदै सपनतीर्थ मन्दिरमा आएका छन् । सपनतीर्थ मन्दिर परिसरमा गौमुखी र बहुमुखी खोला थुनेर निर्माण गरिएको सिद्धपोखरीमा भक्तजनले नयाँ वर्ष सुरु हुँदै गर्दा वैशाख १ गते एकाबिहानै नुहाउने गर्दछन् ।

नयाँ वर्षकै दिन साँझ ६ बजे आ-आफ्नो मन्दिरबाट गाउँमा रथ ल्याउने र गाउँ परिक्रमा गरी सपनविनायकको रथ यलागः टोलमा, चण्डेश्वरीको रथ थलागः टोलमा र मसानकालीको रथ भूतखेलमा बिसाइने मूल नाइके हेमराज श्रेष्ठले बताए ।

वैशाख २ गते बिहान तीनवटै रथ गाउँ परिक्रमा गरेर मसानकालीको रथ भूतखेलको पाटीमा बिसाएपछि बली पूजा लिई कोठु गणेश र मसानकाली दुवै रथ एकैसाथ ल्याएर ११ बजे थलागः टोलमा लस्करै विसाइन्छ । सोही दिन दिउँसो ३ बजे जीवित देवी कुमारीको आगमन गराई तलेजुबाट सरकारी पूजा ल्याई सिन्दुरजात्रा गरी उठाइन्छ । सोही दिन साँझ गाउँ परिक्रमा गरी साँझ ७ बजे सबै रथ तपलाक्षीःमा बिसाइन्छ । सोही रात भक्तजन रथको अगाडि भजनकीर्तन गरी जाग्राम बस्ने चलन रहेको छ ।

वैशाख ३ गते बिहान ७ बजे तपलाक्षीःबाट सिन्धुरजात्रा गरी देवता उठाएर गाउँ परिक्रमा गर्न लैजाने गर्दछन् । सोही दिन बिहान ११ बजे हासल टोलमा सबै रथ बिसाइन्छ । सोही दिन दिउँसो ३ बजे तलेजु गुठीबाट जीवित देवी कुमारीसहित पूजा ल्याएर सिन्दूरजात्रा गरी सरस्वती र महादेवको रथबाहेक अन्य रथ पोखरीमा चोख्याउनका लागि लगिन्छ । मसानकालीको मन्दिर र गाउँको परिक्रममा गरी कोनेलाक्षीःमा बिसाइन्छ । सोही रात पनि भक्तजनहरू रथको अगाडि भजनकीर्तन गरी जाग्राम बस्ने चलन रहेको छ ।

जात्राको अन्तिम दिन वैशाख ४ गते विहान ६.३० बजे सिन्दुरजात्रा गरी सारा बाजागाजासहित गाउँ परिक्रमा गर्न लगिन्छ र विहान ११ बजेतिर गच्छे टोलमा बिसाइन्छ । सोही दिन दिउँसो ३ बजे तलेजु गुठीबाट जीवित देवी कुमारीसहित पूजा ल्याएर सिन्दूरजात्रा गरी सबै रथ कपडा विच्छाइ गाउँ परिक्रममा गरी आआफ्नो देवी घर-घरमा भित्र्याइन्छ । त्यसबाट जात्रा समापन हुन्छ । वैशाख ५ गते बिहान ६.३० लिंगो ढाली जात्रा विसर्जन हुन्छ ।

### सपनतीर्थ मेला आज

टोखामा नयाँ वर्षको पहिलो दिन वैशाख १ गते अर्थात् आज सपनतीर्थ स्नान मेला सुरु हुन्छ । उक्त मेला भर्न तथा स्नान गर्नका लागि काठमाडौं उपत्यकासहित देशभरका लाखौं भक्तजन टोखा सपनतीर्थ आउने गर्दछन् । सपनतीर्थ मेलालाई टोखा नगरपालिकाले विशेष महत्त्वसमेत दिँदै आएको छ । यसपटक सपनतीर्थ मेलामा राष्ट्रपति रामचन्द्र पौडेल जाने कार्यक्रम तय भएको छ । सपनतीर्थ मेलामा स्नान गरेपछि कोरी कुष्ठरोग पनि निको हुने जनविश्वास रहेको छ । यस्तै, उक्त मन्दिरमा दर्शन गर्नाले आफूले चिताएको पूरा हुने धार्मिक विश्वास रहिआएको छ । *रासस*

# लुम्बिनी प्रदेशका मुख्यमन्त्रीलाई विश्वासको मत

**लुम्बिनी (प्रस)–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले विश्वासको मत प्राप्त गरेका छन् । प्रदेशसभाको शुक्रबारको बैठकमा मुख्यमन्त्री महराले संविधानको धारा १८८ को उपधारा (१) बमोजिम राखेको विश्वासको मतको प्रस्तावमा मतदान हुँदा पक्षमा ४८ मत प्राप्त भएको थियो । यससँगै मुख्यमन्त्री महराले मुख्यमन्त्री नियुक्त भएको एक सातामै प्रदेशसभा बैठकमा विश्वासको मत प्राप्त गरेका हुन् ।

बैठकमा उपस्थित प्रदेशसभा सदस्यमध्ये मुख्यमन्त्री महराका पक्षमा सत्तागठबन्धन दल नेकपा एमालेका २९, नेकपा माओवादी केन्द्रका १०, जनता समाजवादी पार्टीका तीन, नागरिक उन्मुक्ति पार्टीका चार, नेकपा एकीकृत समाजवादीका एक र स्वतन्त्र एक जना सदस्यसहित ४८ मत प्राप्त गरेकाले प्रदेशसभाका सभामुख तुलाराम घर्तीले घोषणा गरेका थिए । ८६ सदस्यीय प्रदेशसभामा प्रस्तावको विपक्षमा नेपाली कांग्रेसका २६ र जनमत पार्टीका दुई जना गरी २८ मत परेको सभामुख घर्तीले घोषणा गरेका थिए ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HENRITEX (M) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/३० | LT. No. 289017 | चलानी नं. ६०२०४४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Poultry Farm | 27 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ८ गते (20th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रोजगारदाता आफैले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५०२/०६१/०६२

**Pandora Incorporation (P.) Ltd.**
Dhumbarahi Height-4, Kathmandu, Nepal, Tel: 01-4492511
Mobile No. 9803318788, 9860721022, E-mail: pandorainc14@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FUTURE GULF CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०८०/१२/३० | LT. No. 303428 | चलानी नं. ६०२१८२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ac Technician | 3 | 0 | 2850 | १०३,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 9 | 0 | 1800 | ६५,४०५ | | | | | | | |
| 3 | Gypsum Carpenters | 6 | 0 | 1200 | ४३,६०५ | | | | | | | |
| 4 | Helper | 27 | 0 | 900 | ३२,७०५ | | | | | | | |
| 5 | Mason(Brick/plaster) | 3 | 0 | 1200 | ४३,६०५ | | | | | | | |
| 6 | Plumber | 9 | 0 | 1300 | ४७,२४० | | | | | | | |
| 7 | Tile Mason | 9 | 0 | 1400 | ५०,८७० | | | | | | | |
| 8 | Wall Painter | 6 | 0 | 1100 | ३९,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ८ गते (20th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | जाँदा कामदारले / फर्किदा रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 826/066/67

**AP OVERSEAS PVT. LTD**
Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4988574, 4988485,E-mail: apoverseasktm@yahoo.com,
info@apoverseas.com.np,Website : www.apoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LOCATION Q8 SNACKS FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१२/३० | LT No. 303423 | चलानी नं.६०२१८२४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 0 | 5 | 140 | ६०,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 5 | 0 | 150 | ६४,९७० | | | | | | | |

कम्पनी : PINKY BAR LADIES BEAUTY SALON W.L.L

पूर्व स्वीकृति मिति : २०८०/१२/३० | LT No. 303422 | चलानी नं.६०२१८२४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 150 | ६४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ८ गते (20th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः ALI BIN HASHEM AL HUSSEIN OPERATION AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति २०८०/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/३० | LT. No.294319 | चलानी नं. ६०२०९४९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 64 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ३ गते (15th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com

श्रम ईजाजत नं. ४४८/०६०/०६१



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOMATO DREAM COMPANY CO.LTD

पुर्व स्वीकृति मिति २०८०/१२/३० | LT. No. 303429 | चलानी नं. ६०२१८२४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cultivation Agriculture | 0 | 1 | 155,953 | १,३५,७४५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ८ गते (20th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



# निकुञ्ज क्षेत्रका पूर्वाधार कति वन्यजन्तुमैत्री छन्

वन्यजन्तुमैत्री पूर्वाधार निर्माण सुरूमा अलिकति महँगो देखिए पनि वन्यजन्तु र संरक्षण क्षेत्रको दिगो व्यवस्थापनले भविष्यमा सस्तो हुन जान्छ । बाघ, गैंडा हात्तीजस्ता वन्यजन्तु विश्वकै सम्पत्ति भएकाले यसमा लाग्ने थप खर्च दातृ निकायबाट अनुदानका रूपमा पनि लिन सकिन्छ ।

**▸▸ भीष्मराज ओझा**

सामान्यत: वन्यजन्तुबाट हुने क्षतिका बारेमा बढी चर्चा हुने गरेको छ । तर मानवीय क्रियाकलापकै कारण बर्सेनि ठूलो मात्रामा हुने वन्यजन्तुको क्षतिबारे भने कम चर्चा हुन्छ। वन्यजन्तुबाट मानवीय क्षति, घरपालुवा जनावर, घरगोठ र कृषिबाली नष्ट हुने गरेको छ । त्यस्तै माननीय क्रियाकलापका साथै चोरी सिकार, पूर्वाधार निर्माण र सडक दुर्घटना परेर वन्यजन्तुको क्षति हुन्छ ।

आर्थिक वर्ष २०७९/८० मा मात्र २० वटा संरक्षित क्षेत्रहरूमा विभिन्न ४७ किसिमका ५५८ वटा वन्यजन्तु र जीवको मृत्यु भएको थियो। त्यसमध्ये प्राकृतिक कारणले १८७, सडक दुर्घटनाबाट १४१, चोरी सिकारबाट १४, करेन्ट लागेर १०, नहरमा डुबेर २०, तारजालीमा परेर १४, कुकुरको आक्रमणबाट ११३, पासो/जालमा परेर पाँच, कारण नखुलेको २९ र अन्य कारणले २५ वन्यजन्तुको मृत्यु भएको थियो ।

यसरी मृत्यु भएका वन्यजन्तुमा गैंडा, बाघ, हात्ती, अर्ना, गौरी गाई, हिउँ चितुवा, कृष्णसार, चरीबाघ, चौका, चित्तल, रतुवा, निलगाईलगायत छन् । तराईका संरक्षित क्षेत्रहरूमा मृत्यु हुने वन्यजन्तुको संख्या बढ्दो छ भने पहाड तथा हिमाली क्षेत्रमा यो संख्या तुलनात्मक रूपले कम देखिन्छ । सबैभन्दा बढी वन्यजन्तुको मृत्यु चितवन राष्ट्रिय निकुञ्जमा ११८ र सबैभन्दा कम मकालु वरुण र खप्तड राष्ट्रिय निकुञ्जमा एक/एक भएको थियो ।

विश्व सम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्ज र आसपास क्षेत्रमा पछिल्लोपटक पूर्वाधार विकासका कार्य तीव्र रूपमा बढेका छन्। यसै सन्दर्भमा वन्यजन्तुमैत्री पूर्वाधार निर्माणका विभिन्न मोडेलबारे बहस भएका छन्। कतिपय स्थानमा त्यस्ता निर्माणको सुरुआतसमेत भएको छ । नारायणगढ-मुग्लिन सडकखण्डमा रहेको जलदेवी सामुदायिक वनअन्तर्गत आपटारीमा पर्ने पुलमुनि वन्यजन्तुको आहोरदोहोरका लागि बनाइएको 'अन्डरपास' प्रभावकारी देखिएको छ।

> जैविक विविधतामा असर पर्छ भनेर हाम्रो जस्तो विकासोन्मुख मुलुकले विकास निर्माणका काम रोक्नु पनि हुँदैन, तर जैविक विविधताको संरक्षणलाई नजरअन्दाज पनि गर्नुहुँदैन । वन्यजन्तुको ओहोरदोहोरका लागि 'अन्डरपास' र 'ओभरपास' आवश्यकताअनुसार बनाएर निर्माणको काम गर्नुपर्छ ।
>
> ■ **वासु ढुंगाना**
>
> **निवर्तमान अध्यक्ष, मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समिति**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता उमेशविन्दु श्रेष्ठका अनुसार सरकारले संरक्षण क्षेत्रमा 'वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८' अनुसार नै पूर्वाधार निर्माण गरिरहेको छ । उनी भन्छन्, 'नारायणगढ-हेटौडा-पथलैया सडकखण्ड विस्तार गर्ने योजनामा पनि निकुञ्ज र मध्यवर्ती क्षेत्रमा वन्यजन्तुमैत्री पूर्वाधार डिजाइन गर्ने काम सुरु भएको छ । दुई स्थानमा दुई/दुई किलोमिटर लामो सवारीसाधनका लागि 'फ्लाइओभर' सडकको प्रस्ताव गरिएको छ ।' जैविकमार्गमा निर्माण हुने यस्ता 'फ्लाइओभर' सडकबाट वन्यजन्तुलाई ओहोरदोहोर गर्न सहज हुन्छ ।

वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गर्न तुलनात्मक निकै खर्चिलो छ । तैपनि जैविक विविधता र वन्यजन्तुको बासस्थान संरक्षण गर्न आवश्यक स्थानमा आर्थिक अवस्थाले धान्न सक्ने जति वन्यजन्तुमैत्री पूर्वाधार बनाउन लागिएको उनको भनाइ छ । 'हाल निर्माणाधीन नारायणगढ-बुटवल सडकखण्डमासमेत जैविक मार्ग पर्ने विभिन्न १३ स्थानमा पुल कल्भर्टलाई केही माथि उठाएर वन्यजन्तुलाई आवतजावत गर्न मिल्नेगरी 'अन्डरपास' बनाउने काम भइरहेको छ' प्रवक्ता श्रेष्ठ भन्छन् ।

वन्यजन्तुको आवतजावतलाई सुरक्षित तुल्याई वन्यजन्तु दुर्घटना कम गर्न तथा मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्न वन्यजन्तुको बासस्थान र हिँडडुलका क्षेत्रमा निर्माण हुने रेखात्मक प्रकृतिका पूर्वाधार संरचनालाई वन्यजन्तुमैत्री बनाउन उक्त निर्देशिका बनाइएको हो । निर्देशिकामा राष्ट्रिय निकुन्ज, आरक्ष, जैविकमार्ग वा रामसार सूचीमा सुचीकृत सिमसार क्षेत्रलाई अति संवेदनशील क्षेत्र भनी परिभाषित गरिएको छ। यस्तो क्षेत्रमा पर्ने सडक, रेलमार्ग, नहर, नदी नियन्त्रणसम्बन्धी बाँध, तटबन्ध, ग्यास तथा तेलका पाइपलाइन, विद्युत् आयोजनाका बाँधलगायत पूर्वाधार निर्माण गर्दा निर्देशिका लागू गर्नुपर्ने प्रावधान छ ।

विश्व वन्यजन्तु कोष (डब्ल्युडब्ल्युएफ) नेपालका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरुङ वन्यजन्तुमैत्री पूर्वाधार निर्माणमा सरकारले लागू गरेको नीति सकारात्मक प्रयत्न भएको बताउँछन् । युएसआइडीको सहयोगमा डब्ल्युडब्ल्युएफ नेपालले पनि यस सम्बन्धमा काम गरिरहेको छ । 'वन्यजन्तुमैत्री पूर्वाधार निर्माण वन्यजन्तुका लागि मात्र होइन, यो त मानिस र घरपालुवा जनावरको सुरक्षाका लागि पनि हो,' उनी भन्छन्, 'मानिसले गर्ने यातायातको सुरक्षाका लागि पनि यस्ता पूर्वाधार आवश्यक छन् ।'

## वन्यजन्तुमैत्री पूर्वाधार भविष्यमा सस्तो हुन जान्छ

छिमेकी मुलुक भारतमा पनि यस्ता धेरै वन्यजन्तुमैत्री पूर्वाधार निर्माण भइसकेका छन् । नेपालले भर्खरै सुरु गर्न लागेकाले त्यस्ता अनुभवबाट नेपालले लाभ लिन सक्ने राष्ट्रिय प्रतिनिधि डा गुरुङको भनाइ छ । वन्यजन्तुमैत्री पूर्वाधार निर्माण सुरुमा अलिकति महँगो देखिए पनि वन्यजन्तु र संरक्षण क्षेत्रको दिगो व्यवस्थापनले भविष्यमा सस्तो हुन जान्छ । बाघ, गैंडा हात्तीजस्ता वन्यजन्तु विश्वकै सम्पत्ति भएकाले यसमा लाग्ने थप खर्च दातृ निकायबाट अनुदानका रूपमा पनि लिन सकिन्छ ।

भायडक्ट, पुल, फ्लाइओभर, कल्भर्ट वा यस्तै प्रकृतिका पूर्वाधारको मुनिबाट वन्यजन्तु आवतजावत गर्न सक्ने अण्डसपास संरचना बनाउन सकिन्छ । त्यस्तै भिलेज रोड ब्रिज, इको ब्रिज, क्यानोपी ब्रिज वा यस्तै प्रकृतिका पूर्वाधारको माथिबाट वन्यजन्तु आवतजावत गर्ने ओभरपास संरचना बनाउनुपर्ने निर्देशिकामा उल्लेख छ ।

नेपालमा रहेका ११८ किसिमका पारिस्थिकीय प्रणालीहरूमध्ये हालसम्म ८० किसिमका पारिस्थिकीय प्रणालीहरू संरक्षित क्षेत्रभित्र पर्दछन् । यी पारिस्थिकीय प्रणालीहरूको संरक्षण तथा व्यवस्थापन गर्ने उद्देश्यले १२ राष्ट्रिय निकुञ्ज, एक वन्यजन्तु आरक्ष, एक सिकार आरक्ष, छ संरक्षण क्षेत्र र १३ मध्यवर्ती क्षेत्र घोषणा भई संरक्षण तथा व्यवस्थापकीय कार्यहरू सञ्चालन हुँदै आएका छन् ।

चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख डिलबहादुर पुर्जा पुन पनि पूर्वाधारमैत्री निर्माणबाट मात्र जैविक विविधताको दिगो संरक्षण गर्न सकिनेमा जोड दिन्छन्। उनका अनुसार पूर्वपश्चिम राजमार्गको स्तरोन्नति गर्न निकुञ्जको टिकौलीमा पर्ने सडकखण्डमा वन्यजन्तु ओहोरदोहोर गर्नका लागि दुई किलोमिटर लामो 'फ्लाइओभर' राख्ने सहमति भएको छ ।

'टिकौली र बरण्डाभारलगायत क्षेत्र मुलुककै लाइफलाइन सडकखण्ड पनि हो । यस क्षेत्रमा भारतको वाल्मिकी निकुञ्जदेखि महाभारतसम्म जोड्ने जैविकमार्ग करिडोर पनि पर्छ,' प्रमुख पुन भन्छन्, 'यस खण्डको विकासलाई पनि रोक्न सकिँदैन । जैविक विविधताको संरक्षणका लागि करिडोर जोगाउन वन्यजन्तुमैत्री पूर्वाधार निर्माण पनि अपरिहार्य छ ।' यसले गर्दा वन्यजन्तुको निरन्तर ओहोरदोहोर हुने र यातायातका साधन पनि २४सै घण्टा निर्वाध सञ्चालन गर्न सकिन्छ ।

चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने हुलाकी राजमार्गका सन्दर्भमा पनि कसरादेखि बनकट्टा क्षेत्रमा पर्ने ध्रुवा पोस्ट छेउबाट पनि यस्तै करिब दुई किलोमिटर लामो 'फ्लाइओभर' बनाउन सके जैविक विविधतालाई कम असर पर्ने आफूले सुझाव दिएको उनी बताउँछन् ।

नेपालले जैविक विविधता संरक्षणको क्षेत्रमा अवलम्बन गरेको विभिन्न नीति तथा योजना अन्तर्राष्ट्रिय मञ्चहरूमा उच्च प्रशंसा हुँदै आएको छ । त्यसका बाबजुद जैविक विविधता संरक्षणमा केही चुनौतीको सामना गर्नु परिरहेको छ। निकुञ्ज वरपर बढ्दो जनघनत्व र प्राकृतिक स्रोत माथिको निर्भरता, वातावरणीय व्यवस्थापन योजनाविनाका विकास निर्माण, जलवायु परिवर्तनको प्रभाव, मानव वन्यजन्तु द्वन्द्व तथा अव्यवस्थित भू-उपयोगका कारण संरक्षित क्षेत्रमा पर्न गएको असर मुख्य चुनौती हुन् ।

निकुञ्जको मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समितिका निवर्तमान अध्यक्ष वासु ढुंगाना संरक्षण क्षेत्रमा वन्यजन्तुमैत्री पूर्वाधार नबनाउँदा संरक्षणका लागि प्रत्युपादक हुने गरेको बताउँछन् । 'जैविक विविधतामा असर पर्छ भनेर हाम्रो जस्तो विकासोन्मुख मुलुकले विकास निर्माणका काम रोक्नु पनि हुँदैन, तर जैविक विविधताको संरक्षणलाई नजरअन्दाज पनि गर्नुहुँदैन,' उनी भन्छन्, 'वन्यजन्तुको ओहोरदोहोरका लागि 'अन्डरपास' र 'ओभरपास' आवश्यकताअनुसार बनाएर निर्माणको काम गर्नुपर्छ ।'

## क्षति न्यून गर्न वन्यजन्तुमैत्री पूर्वाधार आवश्यक

संरक्षित क्षेत्रका राजमार्ग, सडक वा अन्य स्थानमा मानव र वन्यजन्तुबीचको द्वन्द्वबाट हुने क्षति न्यूनीकरण गर्न वन्यजन्तुमैत्री पूर्वाधार आवश्यक पर्ने एक अध्ययनले समेत देखाएको छ । रेखीय वा लामो प्रकृतिको पूर्वाधार (सडक, सिँचाइ, प्रसारणलाइन, रेलका लिंकलगायत) निर्माण गर्दा अपनाउनुपर्ने सावधानी र वातावरणीय पक्षप्रति ख्याल नगर्दा मानव-वन्यजन्तु द्वन्द्वका घटना बढेका छन् । यस्ता दुर्घटनाबाट जैविक विविधता संरक्षणमा गरेको खर्च खेर जाने र संरक्षणमा प्राप्त उपलब्धि मासिने देखिएको छ ।

नेपाल वातावरण पत्रकार समूह (नेफेज)ले केही समयअघि यस विषयमा सरोकारवाला निकायको ध्यानाकर्षण गराउने उद्देश्यले स्थलगत अध्ययन गरेको थियो । तराईका बारादेखि कैलालीबीचका सबै जिल्लाको स्थलगत अध्ययन गरेर प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा तराईका जिल्लामा भइरहेका भौतिक पूर्वाधारको अवस्था, प्रभावित क्षेत्र, पूर्वाधार निर्माणका सकारात्मक तथा नकारात्मक पक्ष, वन्यजन्तुमैत्री निर्माणका आधार, निर्माणका क्रममा सम्बोधन गर्नुपर्ने विषय तथा क्षेत्रलाई समेटिएको छ ।

अध्ययनमा पूर्व-पश्चिम सडक विस्तार, हुलाकी मार्ग, सिँचाइ आयोजना (सिक्टा र रानीजमरा-कुलेरिया), मोतीहारी-अमलेखगञ्ज पाइपलाइन, चुरेमा निर्माणाधीन मदन भण्डारी राजमार्ग, ललितपुर-निजगढ फास्ट ट्र्याक, प्रस्तावित निजगढ विमानस्थललगायतका निर्माण आयोजनाहरूलाई समेटिएको छ । वन्यजन्तुमैत्री पूर्वाधार निर्माणका केही काम भए पनि ती पर्याप्त नभएको र हाल निर्माण भएकाभन्दा अझ स्तरीय र प्रभावकारी निर्माण आवश्यक देखिएको प्रतिवेदनको निष्कर्ष छ । वन्यजन्तु सजिलै र स्वतन्त्ररूपमा ओहोरदोहोर गर्नसक्ने खालका पूर्वाधार निर्माण गर्नुपर्ने, भौतिक पूर्वाधार निर्माण गर्नुपूर्व जैविक मार्ग, वन्यजन्तुको वासस्थान र संवेदनशील अवस्थामा रहेका 'बोटलनेक' (वन्यजन्तु ओहोरदोहोर गर्ने साँघुरो जैविक क्षेत्र) को नक्सा तयार गर्नुपर्ने प्रतिवेदनमा सुझाव दिइएको छ ।

प्रतिवेदनमा चितवनको बरण्डाभारस्थित राजमार्गमा वन्यजन्तु ओहोरदोहोर गर्न बनाइएको 'अन्डरपास' प्रभावकारी भएको पाइएको उल्लेख छ । वन्यजन्तुको बासस्थान, गतिविधिलगायत अध्ययन गरेर मात्र 'अन्डरपास' र 'ओभरपास' बनाउनुपर्ने सुझाव दिइएको छ । यसका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, सडक विभाग, केन्द्रीय तथा प्रादेशिक सम्बन्धित मन्त्रालय, मध्यवर्ती क्षेत्र विकास परिषद्, संरक्षण क्षेत्र तथा वन उपभोक्ता समूहबीच सहकार्य तथा समन्वय अनिवार्य छ ।

स्थानीय तहमा तीव्र गतिमा भइरहेका सडक, सिँचाइ, रेलमार्गलगायतका निर्माण कार्यलाई जैविक विविधतामैत्री बनाउनुपर्ने, ठूला सिँचाइ, नहर र कुलोको दुवै किनारमा फेन्सिङ गरी वन्यजन्तु स्वतन्त्ररूपमा ओहोरदोहर गर्न मिल्ने गरी उपयुक्त र वैज्ञानिक पूर्वाधार निर्माण गर्नु आवश्यक छ । *रासस*

# गुराँससँग रमाउन र हिमाल हेर्न घोडेपानी

**म्याग्दी–** पहाडको अग्लो स्थान । शान्त वातावरण । पाखाभरि ढकमक्क फुलेका लालीगुराँस । चारैतिर घना गुराँसको जंगलको बीचमा रहेको बस्ती । घरको झ्यालबाटै जंगलको पृष्ठभूमिमा लहरै देखिने हिमाल बिहान सूर्योदय र साँझमा सूर्यास्तको मनमोहक दृश्य अवलोकन गर्न सकिने ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा समुद्री सतहदेखि दुई हजार ८०० मिटर उचाइमा रहेको घोडेपानी पुनहिल क्षेत्र प्राकृतिक सौन्दर्यले भरिपूर्ण र मनोरम छ। वसन्त ऋतुको आगमनसँगै फुलेका लालीगुराँसले अझै मनमोहक र आकर्षक बनेको घोडेपानीमा रमाउने पर्यटकको घुइँचो लागेको छ ।

'लालीगुराँस फुलेर ढकमक्क बनेको घोडेपानी घुम्न आएका स्वदेशी र विदेशी पाहुनाले यहाँका साना ठूला होटल भरिभराउ भएका छन्,' घोडेपानी टोल सुधार समितिकी उपाध्यक्ष जुली ठकुरी पुनले भनिन्, 'विद्यालय, एसइईको वार्षिक परीक्षा सकेर फुर्सदिला भएका शिक्षक विद्यार्थीदेखि नयाँ वर्ष मनाउन गुराँसको सौन्दर्यमा रमाउन जागिरे र व्यवसायी यहाँ आउनुभएको छ ।'

सत्ताइसवटा होटल रहेको घोडेपानीमा दैनिक एक हजारजना बास बस्न सक्छन् । साना ठूला सबै होटलमा पाहुनाले भरिएका उपाध्यक्ष पुनले बताइन् । जाडो हटेर वनजंगलमा लालीगुराँस फुलेपछि रमाइलो वातावरण बनेको छ। चैत-वैशाख गुराँस फुल्ने याम हो । यहाँ रातो, सेतो, चिमाली, सिमालीलगायत जातका गुराँस पाइन्छन् ।

पाखोमा फुलेका गुराँसको जंगलको पृष्ठभूमिमा धौलागिरि, गुर्जा, अन्नपूर्ण, माछापुच्छेलगायत १६ भन्दा बढी हिमाल र सूर्योदयको दृश्यावलोकन गर्न पाउँदा रमाइलो महसुस भएको घोडेपानी घुमेर फर्किएका मंगला गाउँपालिका-५ का करन कँडेलले बताए ।

विश्वमा ४२ प्रजातिका गुराँस पाइन्छन् । नेपालमा ३२ प्रजातिका छन् । घोडेपानी क्षेत्रमा १६ प्रजातिका लालीगुराँस पाइने अध्ययन प्रतिवेदनमा उल्लेख छ । लालीगुराँस नेपालको राष्ट्रिय फूल पनि हो । एकै स्थानमा धेरै प्रजातिका गुराँस पाइने यस क्षेत्रको जंगल गण्डकी प्रदेशकै ठूलो भएको स्थानीयवासीसमेत रहेका अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष डमबहादुर पुनले बताए ।

'वनैभरि राताम्मे फुलेका गुराँसका रङले घोडेपानी क्षेत्रको जंगल निकै मनमोहक र आकर्षक बनेको छ,' उनले भने, 'गुराँसले भरिएको जंगलमा भ्रमण गर्न र प्राकृतिक सौन्दर्यमा रमाउन आउने पर्यटकको चहलपहल बढेको छ ।' बेनी, बागलुङ, पोखरा, चितवन, काठमाडौंलगायत क्षेत्रबाट विद्यार्थी, कर्मचारी र व्यापारी समूह बनाएर घोडेपानी भ्रमणमा गएका छन् । बेनीबाट आठ जनाको समूहमा घोडेपानी घुम्न गएकी अस्मिता केसीले बजारदेखि टाढाको एकान्त वातावरण र गुराँसले रंगिएको जंगलमा पैदलयात्रा गर्दा रमाइलो महसुस भएको बताइन् ।

गुराँस, पहाड, हिमाल, सूर्योदयको दृश्यबाट मोहित भएको चितवनकी अस्मिता खरेलले अनुभव सुनाइन् । फागुन महिनासम्म सुनसान घोडेपानीमा गुराँस फूल्न थालेपछि चहलपहल बढेको घोडेपानी होटल व्यवस्थापन उपसमितिकी अध्यक्ष मीना पुनले बताइन् । एक रात बास बसेको, बेलुकाको खाना, बिहानको खाजासहित ९५० देखि एक हजार ६०० रूपैयाँको प्याकेज बनाइएको छ । अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख गन्तव्य घोडेपानी समुद्री सतहदेखि दुई हजार ८०० मिटरको उचाइमा अवस्थित छ । घोडेपानीदेखि ३० मिनेट उकालो हिँडेपछि पुनहिल पुग्न सकिन्छ ।

समुद्री सतहदेखि तीन हजार २०० मिटर उचाइमा रहेको पुनहिलबाट सूर्योदय, हिमाल र लालीगुराँसको जंगल अवलोकन गर्न आउने पर्यटक घोडेपानीमा बास बस्ने गर्छन् । *रासस*





**राप्ती नदी तर्दै गाईभैसी** | बाँकेको डुडुवा गाउँपालिका–५ स्थित सिधनियाघाटमा राप्ती नदी तर्दै गरेका गाईभैँसी । बढ्दो गर्मीसँगै गाईभैँसीलाई शितलताका लागि नदीमा छोड्ने गरिएको छ ।
*तस्बिर: भेषराज बस्नेत/रासस*

# दुई सातामा २०० हेक्टर वनमा डढेलो

**गुल्मी–** एक महिनाको अवधिमा गुल्मी जिल्लाका सामुदायिक वनमा आगलागीका घटनामा वृद्धि हुँदै गएको छ । आगलागीका कारण जंगल वरिपरि क्षेत्रका बासिन्दामा दिनहुँ त्रसित बन्दै गएका छन् । यही त्रासका कारण स्थानीय रातमा पनि चैनसँग निदाउन सक्दैनन् ।

डिभिजन वन कार्यालय गुल्मीले दिएको जानकारीअनुसार जिल्लामा शुक्रबारसम्म २०० भन्दा बढी हेक्टर क्षेत्रफलमा डढेलो लागिसकेको छ । दिनहुँजसो हुने आगलागीका घटनाले मानिसलाई आतंकित बनाउन थालेको छ । कहिले दिनमा त कहिले रातमा हुने गरेका आगलागीका घटनाले जंगल छेउछाउका स्थानीय बासिन्दा रातको समयमा पालो गरी सुत्नुपर्ने बाध्यता छ । रातमा सुतिरहेको अवस्थामा कहीँ कतैबाट गाउँमा आगो आउँछ कि भनेर मानिसमा त्रासैत्रासमा रात गुजार्ने गर्दछन् ।

जब गर्मी मौसम सुरु हुन्छ तब यस्ता आगलागीका घटना बढ्दै जाने गर्दछन् । गत दुई साताको अवधिमा गुल्मीको रेसुंगा, गुल्मीदरबार, सत्यवती, चन्द्रकोट, इस्मा, कालीगण्डकीलगायत पालिकामा बढी मात्रामा डढेलो लागेको छ । निजी जंगलमध्ये ६० हेक्टरमा डढेलो लागेको छ । निजी जंगलको तुलनामा सामुदायिक वन क्षेत्रमा आगलागीको घटना बढ्दै गएको डिभिजन वन कार्यालय गुल्मीका अधिकृत राजन कुँवरले जानकारी दिएका छन् ।

जंगलमा आगो लगाएपछि राम्रोसँग घाँस पलाउने, आगोले जंगलमा रहेका काठदाउरा सुक्ने हुँदा घाँस तथा दाउराको लोभमा वनमा डढेलो लगाउने बताइएको छ । मानिसमा चेतनाकै अभावका कारण गुल्मी जिल्लामा दिनहुँ आगलागीका घटना बढेको डिभिजन वन कार्यालय गुल्मीका अधिकृत पंकजकुमार ठाकुरले बताए ।

उनका अनुसार आगो लागाउने व्यक्तिलाई कडा सजायको व्यवस्था छ तर आगो कसले लगाएको हो भन्ने बारेमा कुनै जानकारी प्राप्त नभएका कारण कतिपय घटनामा आवश्यक कानुनी कारबाही प्रक्रियाअघि बढाउन नसकिएको बताए ।

आगलागीका कारण स्थानीयवासीलाई मात्र नभई जिल्लास्थित सुरक्षाकर्मीलाई हैरानी थपिएको छ । आगलागीको जानकारी पाएपछि प्रहरी र नेपाली सेना आगो नियन्त्रणका लागि घटनास्थलमा पुगेर आगो निभाउने काममा सक्रिय बनेका हुन्छन् । यसले स्थानीयवासीलाई जोखिमबाट जोगाउनेमा थप मद्दत मिलेको छ ।

गत १४ वर्षअघि इस्मा गाउँपालिकाअन्तर्गत हस्तिचौर सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणका क्रममा एउटै गाउँका रामलाल घिमिरे, अमरबहादुर कुँवर, देवकला खत्री, सीता कुँवर र धनकला खत्रीको अकालमै ज्यान गयो । त्यसैगरी, गत आठ वर्षअघि मदाने गाउँपालिकाअन्तर्गत मलायगिरीको धैरेनी सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणका क्रममा स्थानीय कमल खड्का र इस्मा गाउँपालिकास्थित दोहलीका तुल्सी लामा गुरुङ, लोकबहादुर गुरुङ र गोपाल सुनारको पनि डढेलो नियन्त्रणको क्रममा आगोमा परेर ज्यान गएको थियो ।

जिल्लाका विभिन्न जंगलमा अहिले पनि डढेलो लागिरहेको छ । डढेलो नियन्त्रणमा सुरक्षाकर्मीबाहेक स्थानीयको खासै चासो देखिँदैन । आगलागी नियन्त्रणकै क्रममा पछिल्लो पाँच वर्षको अवधिमा ११ जनाको ज्यान गइसकेको छ तर राहतको प्रतीक्षामा बसिरहेका पीडित परिवाले भने अझैसम्म पनि राहत पाउन नसकेको मृत लोकबहादुर गुरुङका छोरा तेजेन्द्र गुरुङले बताए । *रासस*

# गुराँस वन फँडानी रोक्न माग

**संखुवासभा (प्रस)–** गुराँसको राजधानी भनिने तीनजुरे-मिल्के-जलजले क्षेत्रमा गुराँस वन फडानी रोक्न माग गरिएको छ । दुईवटा सामुदायिक वनमा डोजरले जथाभावी रुख ढलाइ रहेको भन्दै एक प्रतिनिधिमण्डलले जिल्ला प्रशासन कार्यालयमा 'गुराँस वन फँडानी रोकी पाउँ' भनी निवेदन दिएको हो ।

यही चैत २८ गते बुधबार तीनजुरे हात्तीसार सामुदायिक वनका उपभोक्ता सूर्जबहादुर तामाङ र लालसिं मोक्तानको प्रतिनिधिमण्डलले जिल्ला प्रशासन कार्यालय संखुवासभालाई पत्र लेखी त्यसको बोधार्थसमेत सरोकारवाला अन्य पाँचवटा निकायमा पठाएको छ ।

कोसी करिडोर २२० केभी प्रसारणलाइन निर्माणका क्रममा सरोकारवाला सामुदायिक वनका उपभोक्तालाई विनाकुनै जानकारी रुख काटेर गुराँस वन फँडानी गरेको भन्दै उपभोक्ताले आपत्ति जनाएका हुन् । जिल्ला प्रशासन कार्यालयले तीन दिनभित्र गुराँस वनको डोजर हटाउन र रुख कटान बन्द गराउन सामुदायिक वनका उपभोक्ताले माग गरेको निवेदनमा उल्लेख गरिएको छ । माग सुनुवाइ नभए सामुदायिक वनका उपभोक्ता कडा आन्दोलनमा जान बाध्य हुने निवेदनमा लेखिएको छ ।

कोसी करिडोरले बिजुली पोल जडानका लागि आर्थिक वर्ष २०७७/७८ मा ६२९ रुख कटान गर्ने सम्झौता गरेको र यसका लागि करिब १० लाख रूपैयाँ कटान खर्च उपलब्ध गराएको तीनजुरे हात्तीसार सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष डम्बरबहादुर बुढाथोकीले बताए । सम्झौता भएलगत्तै ६२९ रुख काटिएको भए पनि अहिले विनासम्झौता हजारौं रुख काटिएको उनको आरोप छ । यसैगरी पाथिभरा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष डिकबहादुर बानियाँलेसमेत गुराँस वन फँडानी भइरहेको बताए ।

## हार्दिक श्रद्धाञ्जली



जन्म
२०२६ कार्तिक ०९ गते

स्वर्गारोहण
२०८० चैत ३० गते

**स्व. मकुसुद आलम**

हाम्रो घनिष्ठ मित्र तथा **सोनी इन्टरनेशनल रिक्रुटमेन्ट सर्भिस प्रा.लि.** का संस्थापक अध्यक्ष श्री **मकुसुद आलम**को अल्पायुमै भएको निधनले हामी असाध्यै मर्माहत भएका छौं। यस दुखद घडीमा उहाँको दिवंगत आत्माप्रति चिर शान्तिको कामना गर्दै शोक संतप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सोनी इन्टरनेशनल रिक्रुटमेन्ट सर्भिस प्रा.लि.**
**परिवार**
**पिंगलास्थान, काठमाडौं**

**(वातावरण संरक्षण नियमावली २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित) र प्राकृतिक श्रोत व्यवस्थापन ऐन २०७६ को दफा (२) सँग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी**

## सार्वजनिक सूचना

**प्रथमप्रकाशित मिति: २०८१/०१/०१**

कोशी प्रदेश, उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नं.६ बस्ने केशव कुमार बुढाथोकीले निजका नाममा दर्ता कायम रहेको त्री.न.पा १६ स्थित तपसिलमा उल्लेखित निजि नम्बरी जमिन सम्याउने क्रममा निस्कने ढुंगा, गिटी, बालुवा, माटो जस्ता सामाग्रीको व्यवस्थापन गर्न प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

**प्रस्ताव कार्यान्वयनका लागि प्रस्तावित क्षेत्रहरु:**

| I.E.E. गर्ने स्थान | प्रस्तावको व्यहोरा | प्रभाव पर्न सक्ने जिल्ला/न.पा/वडा |
|---|---|---|
| त्रियुगा नगरपालिका वडा नं.१६ को केशव कुमार बुढाथोकीको कि.नं.१९३ (सीम) क्षेत्रफल १५-३ -१-० | निजी जमिन सम्याउने क्रममा निस्कने ढुंगा, गिटी बालुवा र माटो जस्ता सामाग्रीको व्यवस्थापन गर्नका लागि | उदयपुर जिल्ला, त्रियुगा नगरपालिका वडा नं.१६ |

माथि उल्लेशित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक के कस्तो प्रभाव पर्दछ भनि एकिन गर्न सो स्थानको नगरपालिका, वडा र त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वस्थ्य चौकी, तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र त्रियुगा नगरपालिकामा वा निम्न ठेगानामा आइपुग्नेगरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | केशव कुमार बुढाथोकी, त्रियुगा नगरपालिका-६<br>उदयपुर, फोन ९८५१००३०४९<br>ईमेल: : kesabc@hotmail.com |
| परामर्शदाताको नाम र ठेगाना | हिल शेड ईन्जिनियरिङ एण्ड कन्सल्टेन्ट (प्रा.लि.), काठमाडौं<br>फोन नं: ९८५११३११४५<br>इमेल: hillshade.np@gmail.com |

## HISAN INTERNATIONAL PVT. LTD.

Maitidevi-29, Kathmandu. Tel: 015909028

**PRICE LIST** *(Effective from Date 2081/01/01)*

**FRIGOGLASS (CHEST FREEZER/FLATGLASS)**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 1 | 250 Ltr | FH1D 250CT | 40,286.97 |
| 2 | 350 Ltr | FH1D 350CT | 47,104.89 |
| 3 | 450 Ltr | FH1D 450CT | 58,352.92 |
| 4 | 560 Ltr | FH2D 560CT | 65,074.37 |
| 5 | 250 Ltr | FG2D 250GT | 48,126.61 |
| 6 | 350 Ltr | FG2D 350GT | 55,723.82 |
| 7 | 450 Ltr | FG2D 450GT | 66,535.79 |
| 8 | 550 Ltr | FG2D 550GT | 76,762.10 |

**FRIGOGLASS SHOWCASE**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 9 | 200 Ltr | VG1D 200 | 52,074.60 |
| 10 | 295 Ltr | VG1D 295 | 59,476.86 |
| 11 | 370 Ltr | VG1D 370 | 63,362.40 |
| 12 | 600 Ltr | VG1D 600 | 100,099.46 |
| 13 | 1000 Ltr | VG2D 1000 | 166,763.05 |

*All prices are inclusive of VAT.*

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : VIV COMPANY FOR TAILORING WOMEN'S CLOTHES AND FARICS**

पुर्व स्वीकृति मिति: २०८०/१२/३० | LT. No. 303436 | चलानी नं. ६०२१८२५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 3 | 0 | 140 | ६०,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ८ गते (20th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal, Phone: 9801970911/9801970910/9801970914
9801970921/9801970918, skyblueintloverseas@gmail.com, www.skyblue.com.np

## यूएईको सेमि-गभरमेन्ट क्याटरिङ कम्पनिमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : CAPITAL CATERING AND SERVICES- SOLE PROPRIETORSHIP LLC**

पूर्व स्वीकृति मिति २०८०/१२/३० | LT. No. 303427 | चलानी नं. ६०२१८२५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook/commi Iii | 100 | 0 | 1200 | ४३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Baker | 25 | 0 | 1800 | ६५,४०५ | | | | | | | |
| 3 | Bartender | 25 | 0 | 2000 | ७२,६७५ | | | | | | | |
| 4 | Butcher | 25 | 0 | 2000 | ७२,६७५ | | | | | | | |
| 5 | Catering Assistant | 100 | 0 | 1092 | ३९,६८० | | | | | | | |
| 6 | Catering Supervisor | 5 | 3 | 2500 | ९०,८४५ | | | | | | | |
| 7 | Chef | 50 | 0 | 4000 | १४५,३५० | | | | | | | |
| 8 | Chief Steward | 10 | 0 | 2500 | ९०,८४५ | | | | | | | |
| 9 | Cleaner | 50 | 50 | 930 | ३३,७९५ | | | | | | | |
| 10 | Cleaning Supervisor | 5 | 0 | 2500 | ९०,८४५ | | | | | | | |
| 11 | Commi Cook | 50 | 0 | 1800 | ६५,४०५ | | | | | | | |
| 12 | Cook | 50 | 0 | 1400 | ५०,८७० | | | | | | | |
| 13 | Heavy Driver | 30 | 0 | 2800 | १०१,७४५ | | | | | | | |
| 14 | Lifeguard | 25 | 0 | 2500 | ९०,८४५ | | | | | | | |
| 15 | Light Driver | 25 | 0 | 2000 | ७२,६७५ | | | | | | | |
| 16 | Logistic Assistant | 75 | 0 | 1092 | ३९,६८० | | | | | | | |
| 17 | Office Boy/girl | 10 | 10 | 1100 | ३९,९७० | | | | | | | |
| 18 | Pastry Cook | 50 | 0 | 2000 | ७२,६७५ | | | | | | | |
| 19 | Pest Controller | 5 | 0 | 1400 | ५०,८७० | | | | | | | |
| 20 | Salad Maker | 10 | 0 | 1800 | ६५,४०५ | | | | | | | |
| 21 | Sandwich Maker | 10 | 0 | 1800 | ६५,४०५ | | | | | | | |
| 22 | Steward | 100 | 50 | 930 | ३३,७९५ | | | | | | | |
| 23 | Store Assistant | 50 | 0 | 1092 | ३९,६८० | | | | | | | |
| 24 | Storekeeper | 10 | 0 | 2500 | ९०,८४५ | | | | | | | |
| 25 | Team Leader | 25 | 0 | 2100 | ७६,३१० | | | | | | | |
| 26 | Waiter/waitress | 100 | 50 | 1200 | ४३,६०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ८ गते (20th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9860684532, 9842381591
Govt. License 938/067/068

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SAMI AND MUATH ABDUL RAHMAN AL LUHAIDAN TRADING, CONTRACTING AND TRANSPORTATION COMPANY**

पुर्व स्वीकृति मिति २०८०/०४/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/३० | LT. No. 290582 | चलानी नं. ६०२०५८५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1800 | ६३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ८ गते (20th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : BHANU CLEANING AND CONTRACTING**

पुर्व स्वीकृति मिति २०८०/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/३० | LT. No. 297414 | चलानी नं. ६०२१२४४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Buidling Worker | 3 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५४,९८५ | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,६४५ | | | | | | | |
| 7 | General Clean Worker | 8 | 1 | 1000 | ३६,६६० | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 9 | Labour | 24 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 10 | Labour Services | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 11 | Mason | 6 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 12 | Painter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 13 | Plaster Worker | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 15 | Supervisor | 4 | 0 | 3000 | १०९,९७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ८ गते (20th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

रूपशाला

## 'रावायण'मा एक्सन अवतारमा आउँदै पल

सुदर्शन थापाको निर्देशन रहने फिल्म 'रावायण'मा अभिनेता पल शाह एक्सन अवतारमा देखिने भएका छन् । सधैँ चकलेटी र रोमान्टिक फिल्ममा देखिएका पललाई यो पटक आफूले एक्सन अवतारमा उतार्न लागेको निर्देशक थापाले बताए । फिल्मका लागि पल एक सातादेखि द्वन्द्व निर्देशक श्री श्रेष्ठसँग एक्सन सिकिरहेका छन् । पलको अहिले 'पुजार सार्की' फिल्म रिलिजको तयारीमा छ । २०८१ भाद्र २१ गते तिजको दिन रिलिज मिति तोकिएको फिल्म 'रावायण' वैशाखबाट छायांकनमा जाँदै छ । सुदर्शन थापा प्रोडक्शन र पूजा शर्मा प्रोडक्शनको संयुक्त व्यानरमा फिलम बन्न लागेको हो ।



ब्लकबस्टर नेपाली फिल्म अवार्ड २०८०

# दया र मिरुनालाई उत्कृष्ट अवार्ड



■ प्रभाव संवाददाता

**काठमाडौं–** बक्स अफिस इन्टरनेसनल ग्रुपको आयोजनामा हरेक वर्ष चैत २८ गते नयाँ वर्षको स्वागत पुरानो वर्षको बिदाई गर्दै विगत १८ वर्षदेखि एउटै मितिमा निरन्तर आयोजना हुँदै आएको ब्लकबस्टर नेपाली फिल्म अवार्ड तथा वर्ष समीक्षा कार्यक्रम भव्य सम्पन्न भएको छ ।

उपसभामुख इन्दिरा रानाको प्रमुख आतिथ्यतामा राजधानीको कमलपोखरी सिटी सेन्टरको फुर्कोट हलमा निकै तामझामको साथमा सम्पन्न भएको १८औं ब्लकबस्टर नेपाली फिल्म अवार्ड २०८० संस्करणमा रिलिज चलचित्र महाजात्रालाइ उछिन्दै जारीबाट अभिनेता दयाहाङ राईलाई यो बर्षको सर्वोत्कृष्ट अभिनेता घोषणा गरियो ।

राईले ५३ वटा फिल्मलाई पछि पार्दै २०८० को साडे १७ करोड ग्रस भएको जारी चलचित्रबाट ब्लकबस्टर फिल्मबाट आफूलाई बजारमा अब्बल अभिनेताको रूपमा यो वर्ष पनि सावित गरेका हुन् । जारीबाटै अभिनेत्रीमा मिरुना मगर २०८० सालको सर्वोत्कृष्ट अभिनेत्री चुनिइन् । उनी ब्लकबस्टर फिल्म जारीबाटै सर्वोत्कृष्ट अभिनेत्रीमा अब्बल भएकी हुन् ।

जारीबाटै निर्देशक उपेन्द्र गुरुङ यो वर्षको सर्वाधिक सफल चलचित्र निर्देशकको अवार्डको हकदार बने । २०८० को नवनिर्देशक विधामा रंगेलीबाट अर्जुन सुवेदी, वर्ष नवनायकमा 'गोरखा वारियर'बाट रितेस चाम्स, वर्ष नवनिर्मातामा हिमाल कडारिया 'नांगो गाउँ', वर्ष सहअभिनेत्रीमा बेनिशा हमाल 'उपहार'बाट, वर्ष चरित्र अभिनेतामा 'उपहार'बाटै शिशिर राणा उत्कृष्ट रहे ।

यो वर्षको सम्पादकमा मिलन श्रेष्ठ, छायाँकारमा निरज कँडेल, पोडक्सन डिजाइनरमा विनोद सुवेदी, उदयमान एक्सन हिरोमा राजिवजंग बस्नेत, यो वर्षको उत्कृष्ट वितरकमा उपत्यकाबाट जारी र महाजात्राको वितरक विधामा प्रचण्डमान श्रेष्ठ बक्स अफिसको सर्वाधिक अब्बल वितरक रहे भन्ने मोफसल विधातर्फबाट नांगो गाउँबाट रोहित कटेल र रत्न श्रेष्ठले उत्कृष्ट वितरक छानियो । सांगीतिक कार्यक्रमसहित चलेको अवार्ड तथा रजत जयन्ती सम्मानमा वरिष्ठ कलाकार मिथिला शर्मा, विजय लामा र लक्ष्मी गिरिलाई नेपाली चलचित्र क्षेत्रमा अविरल योगदानको उच्च सम्मान गर्दै 'रजत जयन्ती सम्मान २०८०' बाट सम्मान गरिएको थियो ।

त्यसैगरी 'अग्रज सुवेदी पत्रकारिता पुरस्कार'बाट वरिष्ठ पत्रकार रमा सिंह (नेपाल टेलिभिजन), उषा लोहनी (रेडियो नेपाल) र गोविन्द चौलागाई (प्रिन्ट मिडिया)लाई नेपाल पत्रकार महासंघको केन्द्रीय सचिवको पदमा रहेर उनले पत्रकारिताको माध्यमबाट देश, समाज, राष्ट्रको हितमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै सम्मान गरिएको थियो ।

उनीलाई चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, कलाकार संघका अध्यक्ष नवल खड्का, चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जन, चलचित्र प्राविधिक संघका अध्यक्ष वरिष्ठ कलाकार सुवास गजुरेल, वरिष्ठ कलाकार उत्तम केसी, आरके मानन्धर, वरिष्ठ पत्रकारहरू ताराचन्द्र देवकोटा, मदनकुमार श्रेष्ठ, टंक कार्की प्रकाशक सीता श्रेष्ठ, राष्ट्रिय चलचित्र पत्रकार संघका अध्यक्ष आरके सुवेदी र वरिष्ठ रंग पत्रकार लक्ष्मण सुवेदीले सामूहिकरूपमा सम्मान गरेका थिए ।

यो वर्षको 'देश प्रेम' चलचित्रमा रिमेश अधिकारी 'नालापानी' र नवल खडका 'काँडेतार' सम्मानको हकदार रहे भने ५३ वटा रिलिज फिल्मबाट छानेर एकल महिलासम्बन्धी शर्मिला पाण्डेको 'परस्त्री', इतिहास रच्न्ने गोर्खा सेना सम्बन्धित मिलन चाम्सको चलचित्र 'गोरखा वारियर' र साँस्कृतिक चलचित्रबाट प्रदिप शाही 'अन्तिम संस्कार' विशेष फिल्ममा भव्य सम्मान गरियो ।

त्यसैगरी वर्षको उत्कृष्ठ प्राविधिकमा अरुण रिजाल, स्टुडियोमा जीवन रानाले यो वर्षको अवार्ड चुमे । त्यसैगरी सहआयोजक संस्था ग्लोबल एक्ट्रेस फ्रेडेसन (विश्व कलाकार महासंघ) को आजीवन सदस्यबाट निर्माता सन्जय न्यौपाने, गुणराज भण्डारी, त्रिरत्न श्रेष्ठ, अभिनेता खेलाडी राजिवजंग बस्नेत, श्याम श्रेष्ठ, कलाकार राजु श्रेष्ठ, सुर्यमान डंगोल, गणेश थापा, सुकबहादुर स्याङ्तान, विष्णुप्रसाद खतिवडा, कृष्ण केसी, फलितमान राई, निर्देशक कलाकार राम गौतम, टेकेन्द्र कार्की, पर्यटन व्यवसायी रूपक कोइरालालाई भव्य सम्मान गरी संस्थामा आबद्ध गरियो ।

यो सँगै संस्थाको आजीवन सदस्यको संख्या अहिलेसम्म १४८९ पुगेको संस्थाका अध्यक्ष आरके सुवेदीले बताए । कार्यक्रम आयोजनामा महत्वपूर्ण योगदान पुऱ्याएका वरिष्ठ चलचित्रकर्मी स्वतन्त्र संसार महर्जन, वरिष्ठ नृत्य निर्देशक प्रदिप डंगोल, फुर्कोट होटलका सञ्चालक तेन्जिङ शेर्पा, निर्देशक मधुसुदन भट्टराई, कलाकार रोशन श्रेष्ठ, भानु ढकाल लगायत थुप्रैको सहभागिता रहेको थियो ।

# 'पूजार सार्की' को नयाँ पोस्टर सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** दिनेश राउत निर्देशित फिल्म 'पूजार सार्की' को नयाँ पोस्टर सार्वजनिक गरिएको छ ।

आगामी जेठ १० गतेदेखि प्रदर्शनमा आउने यस फिल्मको नयाँ पोस्टरमा आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहसहित मुख्य दुई अभिनेत्री अञ्जना बराइली र परीक्षा लिम्बूलाई सामेल गरिएको छ ।

पोस्टरमा फिल्मका प्रमुख कलाकारलाई आफ्नो भूमिका अनुसारको लुक्समा देखाइएको छ । आर्यन ढाका टोपीसहित देखिएका छन् भने प्रदीप लामो कपालसहित कालो टोपी र हाफ पाइन्टमा देखाइएको छ । त्यस्तै पललाई बन्दुक बोकेको र आक्रामक लुक्समा देखाइएको छ। यस पोष्टरले फिल्मको ग्रामिण परिवेस झल्काउँछ। विकास सुवेदीले लेखेको फिल्ममा मोहन निरौला, प्रेम सुब्बा, तारा शर्मा, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, शङ्कर आचार्य, गोविन्द रमण पराजुली लगायतको पनि अभिनय छ। फिल्मको पहिलो टिजर शुक्रबार रिलिज हुने निर्देशक राउतले जानकारी दिएका छन् ।

# 'ज्वाइँ साब'मा जोडिए हिमेश

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्माणको तयारीमा रहेको फिल्म 'ज्वाइँ साब'मा कमेडियन हिमेश पन्त अनुबन्धित भएका छन् । निर्माणपक्ष र उनीबिच फिल्मका लागि कागजी सम्झौता भएको छ ।

रेड आई फिल्मसको प्रस्तुति, ओएसआर डिजिटल र मौसम फिल्मस्को ब्यानरमा निर्माण हुन लागेको फिल्ममा यसअघि जितु नेपाल र नीति शाह अनुबन्धित भइसकेका छन् । फिल्ममा राजकुमार पण्डितको निर्माण र वसन्त निरौलाको निर्देशन हुनेछ। फिल्मको छायाङ्कन वैशाखको १५ गतेबाट सुरु हुँदैछ । फिल्म आउँदो वर्षको तिहारमा रिलिज हुनेछ ।

सामाजिक कथावस्तुलाई कमेडी शैलीमा प्रस्तुत गर्ने फिल्ममा मीना देवी खड्का, सौगात पण्डित र पदम तामाङको लगानी छ । फिल्मका कार्यकारी निर्माता विजय बस्याल हुन् । फिल्ममा सविन अधिकारीको कथा, शंकर धितालको पटकथा तथा संवाद छ । हिमेशले यसअघि 'वर एण्ड बधु' र 'शमशेर' साइन गरिसकेका छन् ।

रंगशाला

एसिसी प्रिमियर कप

# नेपालको विजयी सुरूआत




■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताअन्तर्गत आफ्नो पहिलो खेलमा नेपाल विजयी भएको छ । नेपालले शुक्रबार भएको पहिलो खेलमा मलेसियालाई पाँच विकेटले पराजित गरेको हो ।

ओमानको अल अमेरत क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको मलेसियाले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै नेपालसामु जितका लागि १४४ रनको लक्ष्य प्रस्तुत गरेको थियो । सो विजयी लक्ष्य नेपालले १९.२ ओभरमा पाँच विकेटको क्षतिमा पूरा गऱ्यो ।

नेपालका लागि आशिफ शेखले ३२, कप्तान रोहितकुमार पौडेलले २८, कुशल भुर्तेलले २४, दीपेन्द्रसिंह ऐरीले २०, गुल्सन झाले अविजित १९ तथा सन्दीप जोराले अविजित १२ रन बनाए । बलिङतर्फ मलेसियाका कप्तान विरनदीप सिंहले तीन तथा पवनदीप सिंह र मोहमद वाफिकले एक/एक विकेट लिए ।

यसअघि १४३ रनको योगफल बनाउने क्रममा मलेसियाका लागि कप्तान विरनदीप सिंहले सर्वाधिक ७२ रन बनाए । उनले ५७ बल खेल्ने क्रममा चार छक्का र चार चौका हाने । यस्तै शविम मुनिआन्डीले ३३ बलमा दुई छक्का र तीन चौकाको मद्दतमा ४१ रन जोडे । मुहम्मद आमिरले १८ बलमा १६ रन बनाए ।

बलिङतर्फ नेपालका लागि दीपेन्द्रसिंह ऐरीले दुई तथा अभिनाश बोहोराले एक विकेट लिए । नेपालले अब आफ्नो दोस्रो खेल आगामी वैशाख १ गते कतारसँग खेल्ने छ ।

# अल हिलाललाई साउदी सुपरकप

■ प्रभाव संवाददाता

**काठमाडौं –** अल हिलालले साउदी सुपर कपको उपाधि जितेको छ । गएराती सम्पन्न फाइनल खेलमा अल हिलालले अल इत्तिहादलाई ४-१ गोल अन्तरले पराजित गर्दै सुपर कपको उपाधि जितेको हो ।

अल हिलालको जितमा माल्कमले २ गोल गरेका थिए भने सलेम अल्दावसारी र नासेर अल्दावसारीले एक एक गोल गरेका थिए । त्यसैगरी अल इत्तिहादका लागि एक गोल अब्देराजक हाम्दल्लाहले गरेका थिए ।




योसँगै अल हिलालले चौथो पटक सुपर कपको उपाधि जितेको छ । २०१३ देखि शुरु गरिएको साउदी सुपर कप अहिलेसम्म धेरै जित्ने पनि अल हिलाल नै हो । त्यसपछि अल नासरले २ पटक र अल इत्तिहाद, अल फातेह, अल शबाब र अल अहिलले एक एक पटक यो उपाधि जितेका छन् ।

# भलिबलमा गण्डकी र बागमतीलाई स्वर्ण

■ प्रभाव संवाददाता

**चितवन–** प्रथम बागमती अन्तरप्रदेश खेलकुद प्रतियोगिताअन्तर्गत पुरुषतर्फ गण्डकी र महिलातर्फ बागमती प्रदेशले स्वर्ण जितेका छन् । शुक्रबार भएको पुरुषतर्फको फाइनल खेलमा गण्डकी प्रदेशले कोशी प्रदेशलाई हराउँदै स्वर्ण जित्न सफल भएको हो । गण्डकीले २५-१८, २५-२२ र २५-१८ मा जितेको हो ।

यता, महिलातर्फको फाइनल खेलमा गण्डकी प्रदेशलाई सोझो सेटमा हराउँदै बागमती प्रदेशले स्वर्ण जितेको हो । बागमतीले २५-२१, २५-१२, र २५-८ ले जित्दै स्वर्ण जित्न सफल भएको हो ।



भलिबल अन्तर्गत महिलातर्फ तेस्रो स्थानका लागि भएको खेलमा लुम्बिनी प्रदेशले बागमती प्रदेशलाई सोझो सेटमा हराउँदै तेस्रो स्थान हासिल गऱ्यो । लुम्बिनीले २५-१६, २५-१८ र २५-१७ ले जित निकाल्यो । त्यस्तै, पुरुषतर्फको खेलमा सुदूरपश्चिम ३-१ ले जित्दै तेस्रो स्थान हासिल गरेको छ। सुदूरपश्चिमले १८-२५, २५-२२, २५-२१, २५-१४ ले जित निकालेको छ ।



दक्षिणपश्चिम चीनको गुइझाउ प्रान्तको जिन्सा काउन्टीस्थित चाङगाउ गाउँमा रहेको चिया बगानमा पात टिप्दै किसान ।

*तस्बिर: सिन्ह्वा*

# चीनमा बाक्लो कुहिरोको नयाँ चेतावनी जारी

**बेइजिङ–** चीनको राष्ट्रिय मौसम विज्ञान केन्द्रले शुक्रबार देशका केही भागमा घना कुहिरोको चेतावनी नवीकरण गरेको छ ।

केन्द्रका अनुसार शुक्रबार बाक्लो कुहिरोले पीत सागरका केही भाग र सान्डोङ प्रायद्वीपको तटीय पानी, साथै हेनान, हुबेई, हुनान र चोङकिङलगायत प्रान्तीयस्तरका क्षेत्रका केही भाग ढाक्ने अनुमान गरिएको छ ।

केन्द्रका अनुसार केही प्रभावित क्षेत्रमा दृश्यता एक किलोमिटरभन्दा कममा झर्नेछ । डुंगा चलाउने र अन्य सञ्चालनमा संलग्न जहाजहरूलाई सुरक्षित नेभिगेसन सुनिश्चित गर्न तिनीहरूको निगरानीलाई बलियो बनाउन र आफ्नो गतिलाई नियन्त्रित गर्न तथा उचित दूरी कायम गर्न सुझाव दिइएको छ ।

चीनमा बाक्लो कुहिरोका लागि तीनस्तरको रङ-कोड गरिएको चेतावनी प्रणाली रहेको छ । यसमा रातो सबैभन्दा गम्भीर चेतावनी हो । त्यसपछि सुन्तला र पहेँलो चेतावनी रहेको छ । *रासस/सिन्ह्वा*

# म्यान्मामा झडपपछि थाई विदेशमन्त्रीद्वारा सीमावर्ती सहरको भ्रमण

**माई सोट (थाइल्यान्ड)–** धेरै दिनको झडपहरूपछि थाइल्यान्डका विदेशमन्त्री शुक्रबार म्यान्माको सीमा भ्रमणका लागि आइपुगेको मन्त्रालयले बताएको छ । झडपले छिमेकी मुलुक म्यान्मामा एउटा महत्त्वपूर्ण व्यापारिक केन्द्रमा जुन्ता सेनालाई उसको स्थानबाट विस्थापित गरेको छ ।

म्यान्माको सेना र जातीय अल्पसंख्यक सशस्त्र समूहहरूबीचको लडाइँले यो साता सीमावर्ती सहर म्यावाडीलाई हल्लाएको छ । लडाइँका कारण यस सहरका बासिन्दाहरू थाइल्यान्डतिर भागिरहेका छन् । सहरमा तोप र गोलीका आवाज सुन्न सकिन्छ। म्यान्मामा सेनाले सन् २०२१ मा गरेको सैन्य विद्रोहबाट उत्पन्न संघर्षका कारण नियमितरूपमा बासिन्दाहरू दुवै मुलुकबीचको दुई हजार ४०० किलोमिटर सीमा पार गरेर भाग्ने गर्दछन् ।
विदेशमन्त्री पर्णप्री बहिधा-नुकाराले थाई सहर माई सोटसँग म्यावाडीलाई जोड्ने दुई 'मैत्री पुल' को भ्रमण गर्ने थाइल्यान्डको विदेश मन्त्रालयले बताएको छ ।

करेन नेसनल युनियन (केएनयु) ले बिहीबार विस्थापित जुन्ता सैनिकहरू म्यान्मातर्फको एउटा पुलको टर्मिनस नजिक आश्रय लिएर बसेको बताएको थियो । दुई मुलुकलाई विभाजन गर्ने मोई नदी क्षेत्र शुक्रबार बिहान शान्त देखिएको एएफपीका संवाददाताहरूले बताएका छन् ।

सीमामा पहरा दिइरहेका एक थाई सैनिकले रातिको निगरानीका क्रममा म्यान्मामा गोली र विस्फोटका आवाज सुनिएको बताए । सीमामा एउटा लाउडस्पिकरमा बौद्ध प्रार्थनाहरू बजाइएका थिए ।

सैनिकहरू बोकेको सातवटा थाई बख्तरबन्द गाडी सडकमा धुलो उडाउँदै रातिको निगरानीका लागि शुक्रबार बिहान सीमावर्ती सहर माई सोट पुगेका छन् । नगन्य संख्यामा ट्रकहरू यान्माबाट थाई सीमामा रहेको 'दोस्रो मैत्री पुल' मा पुगेको एएफपीका संवाददाताहरूले बताएका छन् । कुनै पनि ट्रकलाई म्यान्मामा गएको देखिएको छैन । हालैका महिनाहरूमा युद्धको मैदानमा धेरै हारको सामना गर्नुपरेको जुन्ताका लागि म्यावाडी सहरमाथि विद्रोहीहरूको पूर्ण कब्जा अपमानजनक पराजय हुने छ ।

सैनिकका परिवारहरूको सुरक्षाका लागि जुन्ता सैनिकहरू म्यावाडीमा आफ्नो बेसबाट 'पछाडि हट्नु परेको' जुन्ताका प्रवक्ता जाव मिन तुनले बिहीबार राति स्थानीय सञ्चारमाध्यमसँग पुष्टि गरेका थिए । उनले जुन्ता र थाई अधिकारीहरूले सैनिकहरूका बारेमा छलफल गरिरहेको बताए । यद्यपि छलफलमा कति जना संलग्न थिए भन्नेबारे उनले कुनै विवरण दिएनन । एएफपीले टिप्पणीका लागि थाई सरकारसँग सम्पर्क गरेको छ । विदेश मन्त्रालयका अनुसार आफ्नो एक दिने भ्रमणका क्रममा विदेशमन्त्री पर्णप्री बहिधा-नुकाराले म्यान्माको लडाइँबाट भागिरहेका मानिसहरूको थप आगमनको तयारीलाई पनि हेर्ने छन् ।

बिहीबार थाई प्रधानमन्त्री श्रेथा थाभिसिनले म्यावाडीमा हालै भएको झडपहरूबारे उल्लेख गर्दै भने, 'राज्यले कसैलाई पनि हाम्रो क्षेत्रमा प्रवेश गर्न अनुमति दिने छैन ।' सन् २०२२ मा म्यान्माको हवाई सेनाले सैन्य विद्रोहविरोधी लडाकूहरू विरुद्धको कारबाहीका क्रममा आफ्नो हवाई क्षेत्रको उल्लंघन गरेपछि थाइल्यान्डले जेट लडाकू विमानहरू परिचालन गरेको थियो । म्यान्माबाट भागिरहेका एक लाख नागरिकलाई स्वीकार गर्न तयार रहेको यसै साताको प्रारम्भमा थाइल्यान्डले बताएको थियो । *रासस/एएफपी*

# जर्मनीमा आइटी विशेषज्ञको अभाव चौगुना हुने चेतावनी

**बर्लिन–** नीति निर्माताहरूले उचित प्रतिकार्य उपायहरू नगरे जर्मनीको सूचना प्रविधि (आइटी) क्षेत्रमा दक्ष कामदारको अभाव सन् २०४० सम्ममा चार गुणा बढेर छ लाख ६३ हजार पुग्ने उद्योग संघ 'बिटकम'ले (बिटकम जर्मनीको डिजिटल संघ) बिहीबार चेतावनी दिएको छ ।

बिटकमका अनुसार पछिल्लो पाँच वर्षमा सूचना प्रविधि क्षेत्रमा दक्ष कामदारको अभाव उल्लेख्यरूपमा बढेको छ भने अघिल्लो वर्ष झण्डै एक लाख ४९ हजार रोजगारी रिक्त रहेको छ । यो संख्या पाँच वर्षअघिको तथ्यांकको तुलनामा झण्डै दोब्बरले बढेको छ र विद्यालय, प्रशासन र वैज्ञानिक संस्थासहित विभिन्न संस्थामा आइटी-केन्द्रित धेरै पदहरू खाली रहेका छन् ।

बिटकमका अध्यक्ष राल्फ विन्टरगर्स्टले भने, 'आइटी विशेषज्ञहरूको अभावले जर्मनीको डिजिटल भविष्यलाई खतरामा पार्न सक्छ ।' उक्त संघको प्रतिवेदनले सन् २०४० सम्ममा देशमा तीन लाख २१ हजार आइटी विज्ञहरूको परिपूर्ति गर्ने उद्देश्यले विदेशबाट दक्ष कामदारको भर्ती बढाउन सुझाव दिएको छ ।

जर्मनीमा बुढचौली समाजले गर्दा दक्ष कामदारको अभावलाई बढाएको छ  र यो विभिन्न पेशामा फैलिएको छ । सन् २०२३ मा सरकारले विदेशबाट दक्ष कामदार हरूको भर्ती गर्न व्यापक उपायका साथ नयाँ कानून पारित गर्यो । यसमा रोजगारी अध्यागमनका लागि कम तलब आवश्यकता, छिटो प्रक्रिया र प्रतिभाशाली र अनुभवी विशेषज्ञहरूका लागि श्रम बजारमा सजिलो पहुँच समावेश गरिएको छ ।

जर्मनीका श्रममन्त्री हचुबर्टस हेलले भने, 'देशलाई आफ्नो अर्थव्यवस्थामा पर्याप्त दक्ष कामदारहरू सुनिश्चित गर्न सम्भव भएसम्म मद्दत चाहिन्छ र यस्ता मानिसहरूको अभाव वृद्धिमा विराम बन्नु हुँदैन ।' रासस/सिन्ह्वा

# मध्यपूर्वमा 'रचनात्मक भूमिका' निर्वाह गर्न अमेरिकालाई आग्रह

**बेइजिङ–** चीनले शुक्रबार संयुक्त राज्य अमेरिकालाई मध्यपूर्वमा 'रचनात्मक भूमिका' निर्वाह गर्न आग्रह गरेको छ । चीनका विदेशमन्त्री वाङ यीले आफ्ना अमेरिकी समकक्षी एन्टोनी ब्लिंकेनसँग टेलिफोन वार्तामा उक्त आग्रह गरेका हुन् । ब्लिंकेनले बेइजिङसँग इरानलाई इजराइलमा हमला रोक्नका लागि आफ्नो प्रभाव प्रयोग गर्न आग्रह गर्नका लागि फोन गरेका अमेरिकी विदेश मन्त्रालयले जनाएको छ । अप्रिल १ मा भएको इजराइली हमलामा दमास्कसमा इरानी कूटनीतिक भवन ध्वस्त भएपछि तेहरानको प्रतिशोधले चिन्ता बढाएको छ ।

शुक्रबार टेलिफोन वार्ता भएको चीनले पुष्टि गरेको छ । चिनियाँ विदेशमन्त्री वाङले कूटनीतिक संस्थाहरूको सुरक्षाको 'अल्लंघनीय' अधिकार र इरान तथा सिरियाको सार्वभौमिकताको सम्मान गर्ने आवश्यकतामाथि जोड दिँदै 'हमलाप्रति चीनको कडा निन्दा व्यक्त' गरे ।

'चीनले मध्यपूर्व मुद्दाको समाधानमा रचनात्मक भूमिका निर्वाहलाई जारी राख्ने छ र स्थितिलाई शान्त बनाउन योगदान गर्ने छ,' चीनका विदेश मन्त्रालयका प्रवक्ता माओ निङले भने, 'विशेषगरी संयुक्त राज्य अमेरिकाले रचनात्मक भूमिका निर्वाह गर्नुपर्छ ।' *रासस/एएफपी*


नेपाल सरकार
**नेपाल ट्रष्टको कार्यालय,**
कमलादी, काठमाण्डौ ।

**गोकर्ण राजनिकुंजस्थित नालामा रहेका बालुवा/माटोको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**सूचना नं. 02/NCB/REVENUE/NTO/2080–81**
**दोस्रो पटक सूचना प्रकाशन मिति- २०८१/०१/०१**

यस नेपाल ट्रष्ट कार्यालयको स्वामित्वमा रहेको गोकर्ण राजनिकुंजस्थित नालामा रहेका बालुवा/माटोको जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा बोलपत्रको माध्यमद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना पटक प्रकाशित भएको मितिले नौ (९) दिन भित्र बोलपत्र खरिद गरी दसौ (१०) दिनको १२:०० बजे  सम्म यस कार्यालयमा दर्ता गराउनु हुन ईच्छुक फर्म,संस्था वा कम्पनीलाई आह्वान गरिन्छ । यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयमा सम्पर्क राख्न अनुरोध छ । साथै यस सम्बन्धी विस्तृत सूचना कार्यालयको Website:– nepaltrust.gov.np मा हेर्न सकिने छ ।



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRATED PARKING SERVICES LLC
पुर्व स्वीकृति मिति २०८०/१२/३० | LT No.303413 | चलानी नं. ६०२१८२४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 50 | 0 | 1000 | ३६,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ८ गते (20th April 2024) मा हुनेछ ।

नोट: यसै कम्पनीको लागि Valid parking driver को आवश्यक परेको हुँदा Dubai License भएका लाइट ड्राइभरहरूले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com,
Kalyan Thapa: 9840510091, Rudin Dahal: 9842749866, Abhishek Thapa: 9863849506
INTREPID LEARN ADAPT EVOLVE



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADLIYA CONTRACTING EST.
पुर्व स्वीकृति मिति २०८०/१२/३० | LT. No. 303389 | चलानी नं. ६०२१८२५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 15 | 0 | 150 | ५३,१०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 20 | 0 | 120 | ४२,४८० | | | | | | | |
| 3 | Worker | 50 | 0 | 100 | ३५,४०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ८ गते (20th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9809732474
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com
License No. : 832/066/67



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES
पुर्व स्वीकृति मिति २०८०/१२/२३ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : MAYAR FACILITIES MANAGEMENT LLC
पुर्व स्वीकृति मिति २०८०/०९/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ | LT. No. 294971 | चलानी नं. ६०२१०३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 36 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAWARID SERVICES COMPANY LLC
पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : A T V A TECHNICAL AND CLEANING SERVICES LLC
पुर्व स्वीकृति मिति २०८०/१०/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ | LT. No. 298333 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 51 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ३ गते (15th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Future Star Manpower Pvt. Ltd.
FUTURE STAR MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RUST VALLEY SERVICE CAR
पुर्व स्वीकृति मिति २०८०/१२/२८ | LT. No. 303391 | चलानी नं. ६०२१८२३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Worker | 1 | 0 | 1200 | ४२,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ८ देखि १० गते (20-22 April 2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Govt. License 771/065/066
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं.** ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal**- पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्प्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३६६०० | प्रति तोला – १३५९५० | प्रति तोला – १७०० |




## सुदूरपश्चिममा सञ्चालित कोल्डस्टोर संकटमा

**घोडाघोडी (कैलाली)**– सुदूरपश्चिम प्रदेशको सबैभन्दा बढी क्षमता भएको कोल्डस्टोर आर्थिक अभावका कारण संकटमा परेको छ । कैलालीको घोडाघोडी नगरपालिकामा रहेको उक्त कोल्डस्टोर लिलामी हुने अवस्थामा पुगेको हो ।

किसानको आवश्यकतालाई मध्यनजर गर्दै घोडाघोडी-१० मा वि.सं. २०७७ फागुनमा तीन हजार मेट्रिकटन क्षमता भएको प्रदेशकै सबैभन्दा ठूलो कोल्डस्टोर सञ्चालन गरिएको थियो । रिज्म परियोजनाको एक करोड ९० लाख रूपैयाँ आर्थिक सहयोगमा निर्माण गरिएको उक्त कोल्डस्टोर २० करोड रूपैयाँभन्दा बढी लगानीमा तयार भएको थियो । निर्माण सम्पन्न भएसँगै सञ्चालनमा आएको कोल्डस्टोरले ऋण तिर्न नसक्दा बन्द हुने अवस्था पुगेको कोल्डस्टोर सञ्चालक समितिका अध्यक्ष रामबहादुर रावतले बताए । उनका अनुसार स्टोरलाई २० करोड रूपैयाँभन्दा बढी ऋण रहेको छ ।

'बैंकमा मात्रै १६ करोड ४४ लाख रूपैयाँ ऋण छ । अन्य सहकारी, विद्यालय, सामुदायिक वनलगायतमा गरी २० करोड रूपैयाँभन्दा बढी पुग्छ,' रावतले भने, 'सरकारले अनुदान पनि दिएन अहिलेसम्म किसानकै पैसाबाट सञ्चालन भइरहेको छ ।' उनका अनुसार सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ र २०७९/८० कोल्डस्टोरका लागि नौ करोड ९० लाख रूपैयाँ विनियोजन गरे पनि उपलब्ध भएको छैन ।

कोल्डस्टोर सञ्चालन भएकै वर्ष यहाँका तीन हजार ४५३ जना किसानले आफ्नो उत्पादन राखेकामा अहिले उक्त संख्या बढेर छ हजार बढी पुगेको रावतले जानकारी दिए । कैलाली, कञ्चनपुरसहित डडेलधुराको गन्यापधुरा गाउँपालिका, पर्शुराम नगरपालिका र रूपन्देहीको शुद्धोदन गाउँपालिकाका किसान यसबाट लाभान्वित भएका छन् ।

किसानको संख्या बढिरहे पनि आर्थिक अभावका कारण बन्द गर्नुपर्ने अवस्था आउन लागेको रावतको भनाइ छ । कोल्डस्टोर भएर निकै सहज भएको कैलालीको बर्दगोरिया गाउँपालिकाबाट आलुको बीउ भण्डारण गर्न आएका किसान रामु चौधरीले बताए । 'यसपटक वर्षभरि घरमा खानलाई राखेर बेचेको ल्याएको छु । बन्द हुने अवस्थामा स्टोर छ किसानले कसरी जीविकोपार्जन गर्ने ?,' उनले प्रश्न गरे ।

स्टोर सञ्चालनमा आएपछि खेती सुरु गरेको बताउँदै स्टोर बन्द भएमा उत्पादित तरकारी तथा आलु भण्डारणमा समस्या हुने किसान प्यारेलाल चौधरीले बताए । उक्त कोल्डस्टोरमा आलु, स्याउ, सुन्तला, अनार, अंगुर र बन्दागोपी राख्न मिल्ने सञ्चालक समितिका अध्यक्ष रावतले बताए । विद्युत्को बिल भुक्तानी गर्न समस्या भएपछि यहाँ पटकपटक लाइन काटिने गरेको सेयर सदस्य राजेन्द्र देवकोटाले बताए । यसरी विद्युत् काटिँदा किसानले राखेका उत्पादन बिग्रन सक्ने खतरा बढेको उनको भनाइ छ ।

प्रदेशकै ठूलो कोल्डस्टोरको संरक्षण गर्न प्रयास गरिरहेको घोडाघोडी नगरपालिकाका प्रमुख खडक रावतले बताए । घोडाघोडीको मात्रै नभई किसानको पहिचानसँगै सुदूरपश्चिमको अस्तित्वसँग जोडिएकाले अन्य पालिकासँग पनि सहयोगका लागि समन्वय भइरहेको उनको भनाइ छ । साथै प्रदेश सरकारसँग पनि यसका लागि छलफल भइरहेको उनले जानकारी दिए । *रासस*

## बागमतीमा ६ हजारभन्दा बढीको स्वास्थ्य बिमा

**बागमती (प्रस)**– बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा बागमती प्रदेशको १३ जिल्लाका लक्षित वर्गका छ हजार ८९५ घरपरिवारको स्वास्थ्य बिमा गरेको छ। बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले दुई करोड ३४ लाख १५ हजार रूपैयाँ प्रिमियम तिरेर सो बिमा गरिदिएको हो । सो मन्त्रालयले १३ जिल्लाका सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित व्यक्ति, क तथा ख वर्गका अपागंगता भएका व्यक्ति तथा स्वास्थ्य स्वयंसेविकाको बिमावापतको प्रिमियम तिरेको हो ।

प्राप्त विवरणअनुसार काठमाडौं जिल्लाका १५५ घरपरिवार भक्तपुरका ३५ घरपरिवार, ललितपुरका ५५० घरपरिवार, काभ्रेपलाञ्चोकका ७२० घरपरिवार, नुवाकोटका ५७३ घरपरिवार, रसुवाका १८१ घरपरिवार र रामेछापका ३१९ घरपरिवार, धादिङका ५९१ घरपरिवार, मकवानपुरका १०१ घरपरिवार, दोलखाका दुई सय ७४ घरपरिवार, सिन्धुपाल्चोकका एक हजार ३१४ घरपरिवार, सिन्धुलीका ४७९ घरपरिवार परिवार तथा चितवनका एक हजार ६०३ घरपरिवारको स्वास्थ्य बिमा गरिएको जनाइएको छ ।

## हस्तकलाका सामग्री युरोप निर्यात २० प्रतिशतले घट्यो

**काठमाडा (प्रस)**– युरोप महाद्विपमा भइरहेको युद्धको प्रभाव नेपालको हस्तकला उद्योगमा देखापरेको छ । हस्तकला महासंघका अध्यक्ष प्रचण्ड शाक्यले युरोपमा २० प्रतिशतले हस्तकला निर्यात घटेको जानकारी दिए ।

उनका अनुसार युरोपमा हाते कागज, पस्मिना, फेल्टलगायतका सामग्री बढी मात्रामा निर्यात हुने गर्छन् । गत वर्ष छ अर्ब रूपैयाँको हस्तकला युरोपमा निर्यात भएको थियो । यस वर्ष गत वर्षको तुलनामा २० प्रतिशतले घटेको अध्यक्ष शाक्यले बताए ।

'युरोपमा युद्धको प्रभाव हस्तकला व्यापारमा पर्न गएको छ,' उनले भने, 'यद्यपि अरू मुलुकमा निर्यातको अवस्था मध्यम छ ।'

हस्तकला महासंघको तथ्यांकअनुसार प्रत्येक वर्ष १२ अर्ब रूपैयाँको हाराहारीमा हस्तकला तथा मूर्तिकला निर्यात हुने गरेको छ । मंसिरदेखि पुसमा मात्रै आठ अर्ब रूपैयाँको निर्यात भएको छ ।


छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश, नेपाल

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा र हनु हुने सम्पूर्ण नेपालीहरुको सु-स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गाउँबासीहरुमा जानकारी मूलक सन्देश

- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो) ।
- आगोको आकारमा विचार पुयाउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायताले निभाउने प्रयास गर्नुहोस् ।

| बिद्यानन्द चौधरी | राजु देवी यादव | उज्जवल आनन्द |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |

छिन्नमस्ता गाउँपालिका, छिन्नमस्ता, सप्तरी, मधेश प्रदेश, नेपाल



शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झापा, ब्याड्ग्गडाँडा
कोशी प्रदेश, नेपाल

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु-स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरबासीहरुमा जानकारी मूलक सन्देश

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो) ।
- आगोको आकारमा विचार पुयाउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायताले निभाउने प्रयास गर्नुहोस् ।

| मेगाहाड्ग थोप्रा (रोशन) | नरमाया कार्की | अमृत बहादुर राई |
|---|---|---|
| नगर प्रमुख | उप– प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

शिवसताक्षी नगरपालिका, ब्याड्ग्गडाँडा, झापा, कोशी प्रदेश, नेपाल



पूर्वाधार विकास कार्यालय
विराटनगर, मोरङ

नया वर्ष २०८१ को सुखद अवसरमा यस गाउँपालिकामा बसोबास गर्नुहुने आमाबुबा, दिदीबहिनी, दाजुभाइ तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

त्यसैले :

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ